का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ माघ २०८२
सोमबार
26 January 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक ४। पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपल्लो सदनमा आए १८ नयाँ अनुहार

५९ सदस्यीय राष्ट्रिय सभामा प्रत्येक दुई/दुई वर्षमा एक तिहाइ सदस्यका लागि निर्वाचन हुन्छ । यसअन्तर्गत आइतबार भएको निर्वाचनबाट १८ जना चुनिएका हुन् । थप एक जना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुनेछन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ माघ

राष्ट्रिय सभा सदस्यको रिक्त हुन लागेका १८ पदमा नयाँ अनुहार आएका छन् । निर्वाचन आयोगका अनुसार बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान भयो । निर्वाचनमा ९५ दशमलव ६८ प्रतिशत मतदान भएको थियो । मतदानपश्चात् साँझ नै परिणाम आएको छ ।

कोशी प्रदेशबाट नेपाली कांग्रेसका सुनिलबहादुर थापा निर्विरोध निर्वाचित भए । यो प्रदेशबाट एमालेकी रोशनी मेचे र सोमनाथ पोर्तेल मतदानबाट चुनिए ।

मधेस प्रदेशबाट कांग्रेसका धमेन्द्र पासवान र रञ्जित कर्ण निर्वाचित भए । एमालेकी रेखाकुमारी झा निर्वाचित भइन् । गठबन्धनबाट उम्मेदवार रहेका लोसपाका महन्थ ठाकुर पनि चुनिए ।

बागमती प्रदेशबाट कांग्रेसकी गीता देवकोटा, एमालेका प्रेमप्रसाद दंगाल, गण्डकी प्रदेशबाट एमालेकी सम्झना »» पृष्ठ २ मा

## पढाउँदा पढाउँदै सांसद भए जगत



राष्ट्रिय सभाका नयाँ सदस्यहरूमा यस्ता अनुहार पनि छन् जो केही दिन अगाडिसम्म विद्यार्थीलाई पढाइरहेका थिए । ती हुन्- जगत तिमिल्सिना । तिमिल्सिना गण्डकी प्रदेशबाट निर्वाचित भएका हुन् । राष्ट्रिय सभा सदस्यका लागि मनोनयन दर्ता गत »» पृष्ठ २ मा

## प्रत्यक्ष हारेकाहरू सिधै माथिल्लो सदनमा




आइतबार राष्ट्रिय सभा सदस्यमा निर्वाचित केही अनुहार जनताले प्रत्यक्ष मतदान गर्ने निर्वाचनबाट तिरस्कृत भएकाहरू पनि छन् । ती हुन्- सुनिलबहादुर थापा, रामकुमारी झाँक्री र ललितजंग शाही र सम्झना देवकोटा ।

राष्ट्रिय सभा सदस्यको मतदाता स्थानीय तहका पदाधिकारी र प्रदेश सभा सदस्य हुन्छन् । उनीहरू जनताबाट निर्वाचित भएर आएका प्रतिनिधि हुन् । स्थानीय तह र प्रदेशका जनप्रतिनिधि भनेका अधिकांश दलीय टिकट लिएर निर्वाचित प्रतिनिधि हुन् । जहाँ दलको प्रभाव »» पृष्ठ २ मा

### राष्ट्रिय सभामा बदलियो अंकगणित

## दुई तिहाइनजिक कांग्रेस–एमाले




निर्वाचनपछि राष्ट्रिय सभामा दलीय समीकरण बदलिएको मात्रै छैन । नेपाली कांग्रेस र नेकपा एमाले दुई तिहाइनजिक छन् । विधेयक पारित गर्न बहुमत र संविधान संशोधनलगायतका विषय अगाडि बढाउन दुई तिहाइ मत चाहिन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ माघ

राष्ट्रिय सभामा दलहरूको अंकगणित बदलिएको छ । आइतबार भएको राष्ट्रिय सभाको निर्वाचनको परिणामले दलहरूको समीकरण बदलेको हो । निर्वाचनपछि राष्ट्रिय सभामा दलीय समीकरण बदलिएको मात्रै छैन । नेपाली कांग्रेस र नेकपा एमाले दुई तिहाइनजिक छन् । जसले प्रतिनिधि सभाको महत्वपूर्ण निर्णय अगाडि बढाउने सन्दर्भमा राष्ट्रिय सभामा ठुलो अर्थ राख्नेछ । विधेयक पास गर्न बहुमत चाहिन्छ । संविधान संशोधनलगायतका एजेन्डा अगाडि बढाउन दुई तिहाइ सांसद्को संख्याको समर्थन चाहिन्छ ।

राष्ट्रिय सभामा हाल कांग्रेसका १६ जना सांसद रहेका छन् । यीमध्ये कोही पनि आगामी फागुन २० मा बिदा हुने छैनन् । बरु आइतबारको निर्वाचनबाट नौ जना थपिएका छन् । यससँगै राष्ट्रिय सभामा कांग्रेसको संसद् संख्या २५ पुगेको छ । यो सँगै कांग्रेस राष्ट्रिय सभामा सबैभन्दा ठुलो दल बनेको छ ।

दोस्रो दलका रूपमा नेपाली कम्युनिस्ट पार्टी रहनेछ । यो पार्टी हाल संसद्मा २५ सिटसहित सबैभन्दा ठुलो दलको हैसियतमा छ । २५ मध्ये आगामी फागुन २० मा आठ जना बिदा हुँदै छन् । त्यसपछि यो पार्टीको सांसद संख्या १७ मा सीमित हुनेछ । साथै, मनोनीत राष्ट्रिय सभा सदस्य नारायणप्रसाद दाहाल नेपाली कम्युनिस्ट पार्टी पृष्ठभूमिका हुन् ।

तेस्रो दलका रूपमा नेकपा एमाले रहनेछ । यो पार्टीका हाल १० जना सांसद् छन् । यसमध्ये आठ जना आगामी फागुन २० मा बिदा हुँदै छन् । आइतबारको निर्वाचनबाट आठ जना नै निर्वाचित भएकाले यो पार्टीको सांसद संख्या १० ले निरन्तरता पाउने छ । साथै, राष्ट्रपतिबाट मनोनीत सांसद डा. अञ्जान शाक्य एमाले पृष्ठभूमिका हुन् ।

यसबाहेक आगामी फागुन २० पछि राष्ट्रिय सभामा जनता समाजवादी पार्टी नेपालका दुई जना, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का एक जना र राष्ट्रिय जनमोर्चाका एक जना रहनेछन् । मनोनीत तीन जना सांसदमध्ये एक जना मनोनीत हुन बाँकी छन् ।

यो संसदीय अंकगणितमा कांग्रेस र एमालेको सिट संख्या दुई तिहाइनजिक छ । यी दुई दलले राष्ट्रिय सभामा तालमेल गरेका थिए । १८ पदका »» पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## नेपाल र साउदी अरेबियाबीच श्रम समझदारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ

नेपाल र साउदी अरेबियाबीच श्रम समझदारी भएको छ । एक दशकको प्रयासपछि नेपाल र साउदी अरेबियाबीच श्रम सम्झौता भएको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी र साउदी अरेबियाका श्रममन्त्री अहमद विन सुलेमान अल-राजहीले रियादमा आइतबार साँझ हस्ताक्षर गरेको साउदीको रियादस्थित नेपाली दूतावासले जनाएको छ ।

मन्त्री भण्डारी आइतबार साँझमात्रै रियाद पुगेका थिए । नेपाल र साउदीबीच घरेलु कामदार तथा जनरल वर्कर्स गरी दुई वटा समझदारी पत्रमा हस्ताक्षर गर्ने विषयमा लामो समयदेखि छलफल भएपनि जनरल वर्कर्सका बारेमा मात्रै समझदारी पत्रमा हस्ताक्षर भएको छ । हस्ताक्षरपछि अब साउदी अरेबिया जाने नयाँसँगै त्यहाँ कार्यरत चार लाखभन्दा बढी नेपाली कामदारको कानुनी अधिकार सुनिश्चित भएको छ ।

साउदी नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मुलुकमा रहँदै आएको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत वर्ष १ लाख ५२ हजार ५ सय ५७ जना साउदी गएका थिए भने त्यसभन्दा अघिल्लो वर्ष पनि १ लाख ४१ हजार ५ सय २ जना नेपाली रोजगारीका लागि साउदी गएका थिए ।

समझदारी पत्रले नेपाली दक्ष कामदारलाई प्राथमिकता दिँदै न्यूनतम तलब, बिमा, मेडिकल सुविधा र सामाजिक सुरक्षा सुनिश्चित गरेको अधिकारीहरूले बताएका छन् । साउदी भिजन २०३० अगाडि बढाएको र सन् २०३४ मा हुने फिफा »» पृष्ठ २ मा

### फेरियो कमल पोखरी



## बन्यो थकान मेट्ने थलो

काठमाडौं महानगरपालिकाले कमल पोखरी वरिपरि चिल्ड्रेन पार्क, ढुंगेधारा, अपांगमैत्री शौचालय, जिम हल, उद्यान र सार्वजनिक स्थलसहितको डिजाइन तयार पारेको छ ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ११ माघ

दिउँसो २ बजेको समय । केही सरकारी कर्मचारी कमल पोखरी परिसरमा पुगे र एक एक फन्को लगाए अनि पोखरीको सिँढीमा केही समय आश्रम गरेर गए ।

सहरको कोलाहलबाट मुक्ति पाउन र पोखरीको शान्त अनि मनोरम वातावरणमा रमाउन अचेल कमलपोखरी घुम्न आउने मानिसको संख्या उल्लेख्य वृद्धि भएको छ । काठमाडौं महानगरपालिका-१ मा रहेको कमल पोखरी स्थानीय, कर्मचारी, व्यापारी, विद्यार्थीलगायतका लागि केही समय विश्राम गर्ने र मन शान्त पार्ने ठाउँ बनेको छ कमल पोखरी ।

जापानिज भाषा सेन्टरमा काम गर्ने गौशालाकी मनीषा सुवेदी थकान लागेको समयमा कमल पोखरीमा आएर केही »» पृष्ठ २ मा

## फेक रेस्क्यु

### तीन कम्पनीबाट ३१७ पर्यटकको नक्कली उद्धार, ६ पक्राउ

»» विस्तृत पृष्ठ १० मा

OPUS MANPOWER
WE ARE HIRING !
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
- Operation Manager - 1 (Male/Female) 50k Salary + Incentive
- Documentation Officer - 1 (Male) (For Saudi- Flight Dept.)
- Documentation Officer - 2 (Female)

Requirements:-
- Smart and Professional.
- Experienced in Manpower Field.
- Male & Female Both can Apply.

SALARY 25 Thousand & Incentives
Send Your CV at chairman@opusmanpower.com
Contact us at 01-4957256 / 9819528268
Location:- Samakushi Townplanning, Kathmandu
श्रम इ. पत्र नं. ५४८/०६७/०६८

# महाधिवेशनको ‘ह्याङओभर’मै कांग्रेस-एमाले

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ माघ

प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवारहरूले घरदैलो सुरु गरिसक्दा पनि विघटित संसद्का दुई ठुला दल नेपाली कांग्रेस र नेकपा (एमाले) आन्तरिक किचलोमै छन् । एमालेमा ११औं महाधिवेशनको ह्याङओभर देखिन्छ भने कांग्रेसमा विशेष महाधिवेशनको वैधानिकताको बहस टुंगिएको छैन । जसका कारण देशभरका नेताकार्यकर्ता मनोवैज्ञानिक रूपमा विभाजित छन् ।

गत आमचुनावबाट उदाएको रास्वपालगायतका नयाँ दल उत्साहसहित चुनावमा लागिसकेका छन् । कांग्रेस-एमालेमा भने तत्काल त्यो उत्साह देखिँदैन । बरु, एकअर्काविरुद्ध कटाक्ष चलिरहेको छ ।

रास्वपादेखि श्रम संस्कृति पार्टीसम्मका नयाँ दल आफ्ना एजेन्डासहित घरदैलोमा लागिसकेका छन् । विभिन्न वाम घटक र समूह मिलाएर नेपाली कम्युनिस्ट पार्टी पनि चुनावमा लागिसकेको छ । तर कांग्रेस-एमाले एकजुट भएर चुनावी अभियानमा लागेको देखिँदैन ।

एमाले मंसिर अन्तिम साताको अर्ली महाधिवेशनको तुस मेटिएको छैन । अध्यक्ष केपी शर्मा ओलीले ११औं महाधिवेशनमा विपक्षी प्यानलबाट चुनाव लडेका योगेश भट्टराई, गोकुल बास्कोटा, सुरेन्द्र पाण्डे, कर्ण थापालगायतका नेतालाई टिकट नै दिएनन् । त्यसको कारण पनि चित्त बुझ्दो दिएनन् । पाण्डे र भट्टराईले यसपटक जित्न सक्ने नदेखिएको र बास्कोटाले पार्टीमा विभाजन ल्याएकोजस्ता टिप्पणी गरेर नेताहरूको चित्त दुखाए । इतरसमूहका यी नेताले बरु परिपक्व प्रतिक्रिया दिएर विवादलाई चुकाएनन् । तर भित्रभित्रै नेतृत्वको रवैयाप्रति असन्तुष्टि चुलिएको छ ।

ताप्लेजुङबाट योगेशको सट्टा युवा संघका अध्यक्ष क्षितिज थेवेलाई टिकट दिए । भट्टराईले पार्टीको निर्णयप्रति असन्तुष्टि जनाए पनि अन्ततः एमालेका उम्मेदवारलाई जिताउन घरदैलोमा निस्किएका छन् । पाण्डेको नाम निर्वाचन क्षेत्रबाटै सिफारिस भएन भने काभ्रे २ बाट एकल सिफारिस भएका बास्कोटालाई टिकट दिइएन । त्यसले एमालेमा चुनावको मुखैमा तिक्तता बढाएको छ । त्यस्तै, ओखलढुंगाको उम्मेदवार छनोटको मतभेदले कोशी प्रदेशका पूर्वमन्त्री अम्बिर गुरुङ पार्टी नै छाडेर नेकपाबाट उम्मेदवार बने । गुरुङसँगै एमाले जिल्ला कमिटी अध्यक्ष ज्ञानबहादुर खड्का (जिबी), उपाध्यक्ष कमल न्यौपाने, सचिव अशोक थापा उपसचिव राजीव कट्वालसहित ३० जना जिल्ला तहका नेता नेकपामा प्रवेश गरेका छन् । यसले भूगोलको राजनीतिमा निकै प्रभाव परेको छ । देशभरका आधा दर्जन धेरै निर्वाचन क्षेत्रमा यस्ता समस्या देखिएका छन् । तर नेतृत्व तहबाट समस्याको समाधानभन्दा थप चिढ्याउने काम भएको भन्दै एमालेको असन्तुष्ट पक्षले दुःखेसो पोखेको छ ।







निर्वाचनको पूर्वसन्ध्यामा देउवा समूहले भेला राखेर पार्टी एकढिक्का भएको सन्देश दिनेगरी अघि बढ्ने कि भन्ने छलफल भएको छ । तर कसरी गर्ने भन्ने अझै टुंगोमा पुगेका छैनौं ।

**मीन विश्वकर्मा**
**नेता, नेपाली कांग्रेस**

कांग्रेसमा झन् योभन्दा चर्को विवाद छ । चुनावअघि नियमित महाधिवेशन नगरेको कांग्रेसभित्र विशेष महाधिवेशन गर्ने र रोक्नेबीचको जुहारीले पार्टी नै विभाजनको डिलमा पुग्यो । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको पहलमा विशेष महाधिवेशन गरी नयाँ नेतृत्व चुनेसँगै पार्टी विभाजन भइसकेको थियो । यद्यपि निर्वाचन आयोगले विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई आधिकारिकता दिएसँगै नयाँ नेतृत्वले नै टिकट बाँडेर कांग्रेस चुनावी मैदानमा छ ।

विशेष महाधिवेशनको वैधानिकताविरुद्ध सर्वोच्चमा गएका तत्कालीन सभापति शेरबहादुर देउवा समूहका नेता अझै चुनावमा केन्द्रित हुन सकेका छैनन् । विशेष महाधिवेशनबाट किनारा लागेको सो समूह राष्ट्रिय भेलाको तयारीमा लागेको छ । त्यसका लागि निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का समूहका नेताहरूसँग परामर्शमा छन् । यसले पार्टीभित्र एकताको सन्देशभन्दा पनि निर्वाचनमा एकले अर्को समूहका नेतालाई असहयोग हुने हो कि भन्ने संशय बढेको छ ।

तर सो समूहका नेताहरूले समूहगत भेलाभन्दा पनि सबै खालका नेताबीच छलफल गरेर चुनावमा जाने वातावरण बनाउने विषयमा भेला राख्ने सल्लाह हुँदै गरेको जिकिर गरेका छन् । देउवा समूहका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले मध्यान्हसँग भने, ‘निर्वाचनको पूर्वसन्ध्यामा हामीले भेला राखेर चुनावमा पार्टी एक ढिक्का भएको सन्देश दिनेगरी अघि बढ्ने कि भन्ने छलफल भएको छ । तर कसरी गर्ने भन्ने अझै टुंगोमा पुगेका छैनौं ।’

विशेष महाधिवेशनबाट चयन भएको केन्द्रीय कार्यसमितिलाई देउवा समूहले स्वीकार गरिसकेको छैन । देउवा समूहले सार्वेच्चमा दायर गरेको रिटमा न्यायाधीश सुनिल पोखरेलको इजलासले ६ माघमा निर्वाचन आयोगलाई कारणसहित १५ दिनभित्र लिखित जवाफ लिएर उपस्थित हुन निर्देशन दिएको छ ।

# देशमा विद्यमान संकटको डटेर सामना गरौं : प्रधानमन्त्री



काठमाडौं/मस-प्रधानमन्त्री सुशीला कार्कीले देशमा विद्यमान संकटहरूको डटेर सामना गर्नुपर्ने बताएकी छन् । आइतबार काठमाडौंमा आयोजित नेपाल खुला विश्वविद्यालयको प्रथम दीक्षान्त समारोहमा बोल्दै उनले सो कुरा बताएकी हुन् । प्रधानमन्त्री कार्कीले देशमा देखिएका बेथितिहरूको अन्त्यका लागि डटेर अघि बढ्नुपर्ने बेला आएको स्पष्ट पारिन् ।

त्यस अवसरमा उनले राष्ट्र निर्माणमा जुट्न पनि शैक्षिक जनशक्तिहरूलाई आग्रह गरिन् । विश्वविद्यालयबाट आर्जन गरेका ज्ञान र सीप स्वदेशमा नै भरपुर उपयोग गरेर उच्च शिक्षा हासिल गरेकाहरू राष्ट्र निर्माणको अभियानमा केन्द्रित हुनुपर्ने प्रधानमन्त्री कार्कीको भनाइ थियो ।

उनले उच्च शिक्षा हासिल गरेर वाह्य मुलुकमा गएका विद्यार्थीहरूले राष्ट्रले गर्व गर्न लायक नागरिक भएर अघि बढ्नुपर्ने बताइन् । उनले उच्च शिक्षा प्रदायक संस्थाहरूलाई अझै गतिशील भएर अघि बढ्न पनि सचेत गराइन् । प्रधानमन्त्री कार्कीले खुला विश्वविद्यालयले समयको गति र प्रवाहलाई आत्मासात गर्दै अघि बढ्नुपर्ने समेत बताइन् ।

५ सय ४५ विद्यार्थी दीक्षित

नेपाल खुला विश्वविद्यालयबाट ५ सय ४५ विद्यार्थी दीक्षित भएका छन् ।

विश्वविद्यालयद्वारा प्रधानमन्त्री एवं कुलपति कार्कीको प्रमुख आतिथ्यमा आयोजित समारोहमा विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय, सामाजिक शास्त्र तथा शिक्षा संकाय र व्यवस्थापन तथा कानुन संकायका गरी पाँच सय ४५ उत्तीर्ण विद्यार्थी दीक्षित भएका हुन् । तीमध्ये समारोहमा एक सय ९१ जनाको उपस्थिति थियो । प्रधानमन्त्री कार्कीले स्नातक र स्नातकोत्तर तहमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई कुलपति पदकसमेत वितरण गरिन् । समारोहमा शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति केदारभक्त माथेमा प्रमुख अतिथि रहेकी छन् । २०७३ मा स्थापित विश्वविद्यालयले हाल स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहमा अध्यापन गराउँदै आएको छ ।

# ‘सामाजिक सञ्जालमा भ्रम फैलाउनेविरुद्ध कारबाही गर्न आदेश कुर्नु पर्दैन’

काठमाडौं/मस-गृहमन्त्री ओमप्रकाश अर्यालले ‘सामाजिक सञ्जालबाट भ्रम फैलाउनेविरुद्ध कारबाही गर्न आदेश कुर्नु नपर्ने बताएका छन् । भोटाहिटीस्थित नेपाल प्रहरीको साइबर ब्युरोमा पुगेर उनले त्यहाँ कार्यरत प्रहरी कर्मचारीलाई कानुनविपरीत गतिविधि गर्ने जोसुकैलाई कारबाहीको दायरामा ल्याउन उच्च अधिकारी वा निकायको आदेशको प्रतीक्षा गर्नु नपर्ने बताए । गृहमन्त्री अर्यालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मर्यादित रूपमा सम्पन्न गर्न साइबर ब्युरोले सामाजिक सञ्जालमार्फत हुनसक्ने अमर्यादित तथा कानुनले वर्जित गरेका तथ्यहीन र भ्रामक समाचार तथा सूचनाको सूक्ष्म ढङ्गले अनुगमन गर्न निर्देशन दिए ।

साथै उनले मिथ्या सूचना प्रवाह गर्नेलाई तत्काल कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिन । निर्वाचनलाई दृष्टिगत गरी ब्युरोलाई अझ सक्रिय हुन गृहमन्त्रीले आग्रह गरे । राष्ट्रिय झन्डाको गरिमा र मर्यादालाई ध्यानमा राख्न गृह मन्त्रालयको आग्रह गृह मन्त्रालयले राष्ट्रिय झन्डाको प्रयोग गर्दा त्यसको उच्च गरिमा र मर्यादालाई ध्यानमा राखी प्रचलित कानुनबमोजिम मात्र प्रयोग गर्न आग्रह गरेको छ ।

मन्त्रालयले विज्ञप्ति जारी गरी भनेको छ, ‘राष्ट्रको गौरव र स्वाभिमानको प्रतीक राष्ट्रिय झन्डाको प्रयोग गर्दा यसको उच्च गरिमा र मर्यादालाई ध्यानमा राखी प्रचलित कानुनबमोजिम मात्र प्रयोग गर्नु होला, अन्यथा यसको दुरुपयोग भएको पाइएमा कानुनबमोजिम कारबाही हुने व्यहोरा गृह मन्त्रालय सबैमा हार्दिक अनुरोध गर्दछ ।’

### उपल्लो...

देवकोटा, कांग्रेसका जगत तिमिल्सिना निर्वाचित भए । लुम्बिनी प्रदेशबाट कांग्रेसका बासुदेव जंगली र चन्द्रबहादुर केसी चुनिए । यो प्रदेशबाट एमालेकी रामकुमारी झाक्री निर्वाचित भइन् ।

कर्णाली प्रदेशबाट कांग्रेसका ललितजंग शाही, एमालेका मीनासिंह रखाल, सुदूरपश्चिम प्रदेशबाट एमालेकी लीलाकुमारी भण्डारी र कांग्रेसका खम्मबहादुर खाती निर्वाचित भएका छन् ।

५९ सदस्यीय राष्ट्रिय सभामा प्रत्येक दुई/दुई वर्षमा एक तिहाइ सदस्यका लागि निर्वाचन हुन्छ । यसअन्तर्गत आइतबार भएको निर्वाचनबाट १८ जना चुनिएका हुन् । अर्का एक जना राष्ट्रपतिबाट मनोनीत सांसद वामदेव गौतमले राजीनामा दिइसकेका छन् । उनको ठाउँमा सरकारको सिफारिसमा राष्ट्रपतिले अर्को व्यक्तिलाई मनोनीत गर्नेछन् ।

उपल्लो सदनका रूपमा समेत लिइने राष्ट्रिय सभा स्थायी सदन हो । कहिले पनि खाली नहुने गरी एक तिहाइ सदस्यका लागि प्रत्येक दुई/दुई वर्षमा निर्वाचन गर्ने संवैधानिक व्यवस्था छ । कानुन निर्माणमा संघीय संसद्का दुवै सदनको भूमिका हुन्छ । तल्लो सदनका रूपमा लिइने प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैबाट विधेयक पारित हुनुपर्छ । एउटा सदनले गरेको संशोधन अर्को सदनले स्वीकार गर्नुपर्छ । सरकार निर्माणमा भने राष्ट्रिय सभा सदस्यको भूमिका हुँदैन । २ सय ७५ सदस्यीय प्रतिनिधि सभाले मात्रै सरकार बनाउँछ ।

### पठाउँदा...

पुस २३ गते भएको हो । त्यसको केही दिन अगाडिसम्म उनी त्रिभुवन विश्वविद्यालय व्यवस्थापन विभागमा अध्यापनरत थिए । राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुने पक्का भएपछि राजीनामा दिए र उम्मेदवार भए । आइतबार निर्वाचित भए । तिमिल्सिना तनहुँ शुक्लागण्डकी-७ खैरेनीटार निवासी हुन् ।

उनी कांग्रेस समर्थित प्रजातान्त्रिक प्राध्यापक संघमा २०७३ सालदेखि अध्यक्ष छन् । कांग्रेस पृष्ठभूमिका भए पनि पार्टीको जिम्मेवारीमा भने थिएनन् ।

### प्रत्यक्ष...

रहन्छ । दलको प्रभावको प्रयोग गर्दै स्थानीय तह र प्रतिनिधि सभा तथा प्रदेश सभामा निर्वाचित हुन नसकेकाहरू राष्ट्रिय सभामा आएका हुन् ।

एक हुन्- सुनिलबहादुर थापा । थापाले २०७० सालमा धनकुटा २ बाट संविधानसभा सदस्यको चुनाव जितेका थिए । २०७४ र २०७९ को चुनाव हारे । त्यसपछि राष्ट्रिय सभा सदस्य भए र चुनाव जिते ।

लुम्बिनी प्रदेशबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित रामकुमारी झाँक्री २०७४ मा समानुपातिक प्रणालीबाट प्रतिनिधि सभा सदस्य भएकी थिइन् । तर २०७९ को प्रतिनिधि सभा सदस्यको चुनावमा हार बेहोरेकी थिइन् । यसपटक राष्ट्रिय सभा सदस्य भइन् ।

कर्णाली प्रदेशबाट निर्वाचित ललितजंग शाही २०६४ को पहिलो संविधान सभा चुनावमा उम्मेदवार थिए । तर पराजित भए । २०७० को दोस्रो संविधान सभा चुनावमा विजयी भए । २०७९ को चुनावमा प्रदेश सभा सदस्यमा हारे । यसपटक राष्ट्रिय सभा सदस्य भए ।

यस्तै उदाहरण हुन्- गण्डकी प्रदेशबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित सम्झना देवकोटा । उनी २०७४ को निर्वाचनमा गोरखा नगरपालिकाबाट उपमेयरमा उम्मेदवार थिइन् । पराजित भइन् । २०७९ को निर्वाचनमा सोही नगरपालिकामा मेयरको उम्मेदवार भइन् । चुनाव जितिनन् । २०८० माघमा भएको राष्ट्रिय सभाको निर्वाचनमा पनि उम्मेदवार थिइन्, जितिनन् । यसपटक भने देवकोटा विजयी भइन् ।

### राष्ट्रिय...

लागि भएको निर्वाचनमा कांग्रेसले नौ, एमालेले आठ सिटमा उम्मेदवार उठाएको थियो । एउटा सिटमा लोसपाका उम्मेदवार महन्थ ठाकुरलाई समर्थन गरेको थियो । तालमेलअनुसार सबैतिर नतिजा निकालेसँगै राष्ट्रिय सभामा कांग्रेस र एमाले दुई तिहाइनजिक पुगेका हुन् ।

कांग्रेसको २५ र एमालेको १० मिल्दा ३५ पुग्छ । लोसपा र जसपा नेपाल एक भइसकेका छन् । उनीहरूका उम्मेदवारलाई कांग्रेस र एमालेले समर्थन नै गरेर जिताएकाले भविष्यमा समेत सहकार्य हुन सक्छ । यस्तोमा तीन जना सांसद संख्या थपिन्छ र ३८ पुग्छ । राष्ट्रपतिबाट मनोनीत सांसद डा. अञ्जान शाक्य एमाले पृष्ठभूमिबाट भएकाले यो जोड्दा ३९ पुग्छ । राष्ट्रपतिबाट मनोनीत हुने एउटा सिट खाली छ । त्यसमा कांग्रेस वा एमाले समर्थित व्यक्ति पुग्दा उनीहरूको पक्षमा सांसदको संख्या ४० पुग्छ । ५९ सदस्यीय सभामा ४० सांसद संख्या एकातिर भए दुई तिहाइ बहुमत पुग्छ ।

### नेपाल...

विश्वकप फुटबललाई ध्यानमा राख्दै साउदीले ठुलो मात्रामा विदेशी कामदार लैजाने योजना यसअघि नै सार्वजनिक गरेको छ ।

विगतमा कफाला प्रणालीको प्रयोग गर्दै आएको साउदीले २०२१ मा उक्त प्रणालीमा सुधार गरी न्यूनतम तलब रोजगारदाता परिवर्तन तथा सेवा सुविधामा समेत सुधार गरेको बताएको छ ।

नेपाल र साउदीबीच १२ मार्च १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । कूटनीतिक सम्बन्ध स्थापनापछि नेपालले १९७८ मा साउदीमा र साउदीले २०१२ मा नेपालको काठमाडौंमा आफ्नो दूतावास खोलेका थिए । साउदीले नेपालमा दूतावास खोलेपछि उक्त मुलुकमा रोजगारीमा नेपाली कामदारहरू र नेपाली हज यात्रीहरूको भिसा प्रक्रिया र अन्य कार्य गर्नका लागि सहज भएको छ ।

### बन्यो...

समय बिताउने गरेको बताउँछिन् । ‘यहाँ आउँदा आनन्द लाग्छ, मुड फ्रेस हुन्छ,’ उनले भनिन्, ‘अलिकति तनाव, थकान भयो भने म यही आउँछु ।’

त्यस्तै, एमबिबिएस अध्यनरत प्रवेश दाहाल पनि प्रायः फ्रेस हुन कमल पोखरी आउँछन् । उनी त्यहाँ आएर शान्त भएर बस्छन् । ‘कलेजको अध्ययन धेरै गर्नुपर्छ, दिमाग नै फुट्लाजस्तो हुन्छ,’ उनले भने, ‘यहाँ आएर केही समय बिताए पनि आनन्द लाग्छ ।’

आजभोलि कमल पोखरी मेडिटेसन गर्ने ठाउँजस्तै भएको छ । शान्त ठाउँ खोज्दै हरेक मानिस त्यहाँ आउँछन् । बिहानदेखि अबेरसम्म चहलपहल हुन्छ । पानीले भरिएको पोखरी । वरिपरि आर्कषक डिजाइनमा बनाइएका हरियाली बोटबिरुवा । पोखरीको माथि उड्ने चराचुरुंगीले छुट्टै आनन्द दिन्छ कमल पोखरीमा । उत्तिकै सफा, चाइनिज दुबोले हरियाली बनेको छ । त्यसमाथि आकर्षक बुट्टेदार पाटीपौवा । कोलाहलपूर्ण सहरको बीचमा शान्त छ कमल पोखरी । थरिथरीका व्यायाम गर्न व्यामशाला पनि बनाएको छ । एउटा कुनामा पिउने पानीको सुविधा छ भने शौचालयको पनि व्यवस्था छ । त्यहाँ आउने हरेकलाई यति सुविधा भए अरू के चाहियो र ?

कमल पोखरी काठमाडौंको केन्द्रमा रहेको प्रसिद्ध पोखरी हो । यसले धार्मिक र सांस्कृतिक महत्व बोकेको छ । पहिलेपहिले पोखरीमा कमलको फूल फुल्ने भएकाले यसको नाम कमलपोखरी रहन गएको हो । तर अहिले यहाँ कमल फुल्दैन । भूकम्प गएसँगै क्षति भएको यो पोखरीको काठमाडौं महानगरपालिकाले पुनर्निर्माण गरिरहेको छ । करिब-करिब अन्तिम चरणमा छ ।

२०३३ सम्म यो पोखरी ४६ रोपनी थियो । पोखरीको जग्गा सत्ता र शक्तिको आडमा विभिन्न व्यक्तिले हडपेसँगै क्षेत्रफल साँघुरिएको हो । अहिले २३ रोपनी १४ आना क्षेत्रफलमा फैलिएको काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय वडा नम्बर १ का वडा अध्यक्ष भरतलाल श्रेष्ठ बताउँछन् ।

‘पहिला बेवारिसे र फोहोर जमेको पोखरी थियो,’ वडा अध्यक्ष श्रेष्ठले भने, ‘त्यही पोखरीलाई परम्परागत, सांस्कृतिक र पर्यटकीय रूपमा विकास गरिएको छ ।’

काठमाडौं महानगरपालिकाका क्षेत्रभित्र रहेका सांस्कृति, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण तथा पनर्निर्माण गर्ने नीति पूर्वमेयर विद्या शुन्दर शाक्यले ल्याएका थिए । सोहीअनुरूप २०७८ साल चैत २ गते शाक्यले उद्घाटन गरेका थिए । कमलपोखरीमा चारवटा कुनामा आकर्षक र संस्कृति झल्किने चारवटा मण्डप र पूर्वतिर मूलढोकासँगै एउटा गरी पाँचवटा मण्डप राख्ने योजना शाक्यको थियो । सोही योजनालाई मूर्तरूप दिएका छन् निर्वतमान मेयर बालेन्द्र (बालेन) शाहले ।

काठमाडौं महानगरपालिकाले कमल पोखरी वरिपरि चिल्ड्रेन पार्क, ढुंगेधारा, अपांगमैत्री शौचालय, जिम हल, उद्यान र सार्वजनिक स्थलसहितको डिजाइन तयार पारेको छ ।

करिब ७ करोड लगानीमा निर्माण भइरहेको उत्तर पोखरी वास्तुशास्त्रमा आधारित भएर निर्माण भइरहेको पनि महानगरपालिकाले जानकारी दिएको छ ।

काठमाडौं महानगरपालिकाले प्राकृतिक सम्पदाको ऐतिहासिकता, मौलिक र वातावरणीय पर्यावरण कायम गर्ने विषयमा कमलपोखरीको पुनर्निर्माणका क्रममा पटकपटकै विवादसमेत भएको थियो । पोखरीको प्राकृतिक स्वरूपलाईलाई यथावत् राख्ने मागबमोजिम नै पुनर्निर्माणको कामको अन्तिम चरणमा छ ।

**युएईमा रोजगार**
कम्पनी: Senor Pepes Mexican Foods Factory L.L.C
पूर्व स्वीकृत मितिः २०८२/१०/११ चलानी नं.: ६०२५१२३८
शहर: Sharjah
LT. No.: 337713

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bakers | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook (Forign food cook or confectionary assistant) | 1 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 3. | Kitchen Helper | 5 | 0 | | 1000 | ३९९७० | | | | | | | |
| 4. | Ordinary Labour | 2 | 0 | | 1000 | ३९९७० | | | | | | | |
| 5. | PASTRY/ BREAD MAKER | 2 | 0 | | 1200 | ४७९६४ | | | | | | | |
| 6. | Quality Controller | 1 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 7. | SALES | 2 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 8. | Sales Assisstant | 2 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 9. | WORKER PACKING AND PACKAGING | 1 | 0 | | 1000 | ३९९७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

**Infrastructure Development Directorate**
**Birendranagar, Surkhet**
**Notice To Open Financial Bid**
**Date of Publication: 2082/10/12(26th Jan, 2026**

This is to notify in accordance with public procurement Regulation 2064 (Section 31 Ja 5) to all concerned bidders, who have submitted Technical bid for the following contract/project published in Misson Today National Daily newspaper on 2082/06/12 from all received bids, the technical bid of the following bidder's successes qualification criteria and found to be substantially responsive. So, following responsive bidders are invited in price bid opening dated **2082/10/19 (2nd Feb, 2026)** at 1:00 PM at office of Infrastructure development directorate, Birendranagar, Surkhet.

| S. N. | Contract ID, Name Of Project | Substantially Responsive Bidders |
|---|---|---|
| 1 | IDD/SKT/W/NCB/39/082-083, Construction of Yarichowk Pateni Jayapur Dauladpur Road, Birendranagar-02&03, Surkhet | 1. M/S Kakre-Bishal JV, Birendranagar, Surkhet.<br>2. M/S Gangamala/Shuvalaxmi JV, Surkhet.<br>3. M/S GT Construction, Birendranagar-07, Surkhet.<br>4. M/S KB-MBNS-Star JV, Birendranagar-06, Surkhet. |

# अर्घाखाँचीमा नयाँ र पुराना नेताबीच कडा प्रतिस्पर्धा

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, ११ माघ



फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा अर्घाखाँचीमा चुनावी सरगर्मी बढ्दै गएको छ । विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरू मतदाताको घरदैलोमा पुग्दै आफ्ना एजेन्डा प्रस्तुत गरिरहेका छन् ।

लुम्बिनी प्रदेशको पहाडी जिल्ला अर्घाखाँचीमा यसपटकको निर्वाचन विशेष चासोको विषय बनेको छ । एकमात्र निर्वाचन क्षेत्र भएको यस जिल्लामा पुराना दल र नयाँ राजनीतिक शक्तिहरूको प्रतिस्पर्धा थप रोचक र कडा हुने अनुमान गरिएको छ ।

यस निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा माओवादी, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र उम्मेदवार गरी कुल १३ जना उम्मेदवार मैदानमा छन् ।

नेपाली कांग्रेसबाट लुम्बिनी प्रदेशका सहमहामन्त्री तथा पूर्व जिल्ला सभापति बिष्णु प्रसाद खनाल (मुस्कान), नेकपा एमालेबाट जिल्ला अध्यक्ष पिताम्वर भुसाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट जिल्ला अध्यक्ष हरि प्रसाद भुसाल, नेकपा केन्द्रीय सदस्य रामबहादुर चौहान, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अध्यक्ष झबिन्द्र फुल्लेल, नेकपा माओवादीबाट खेम घर्ती, राष्ट्रिय जनमोर्चा बाट पशुपति ढकाल र स्वतन्त्र उम्मेदवार रवि शाहा, हिमाल भुसाल र फम्फा श्रेष्ठले चुनावी मैदानमा प्रतिस्पर्धा गर्दैछन् ।

पुराना दलका उम्मेदवारहरूले आफ्नो राजनीतिक विरासत जोगाउने चुनौती सामना गर्ने छन् भने नयाँ दल र उम्मेदवारहरूका लागि यो निर्वाचन अवसरको रूपमा देखिएको छ । अर्घाखाँचीमा कुल १ लाख ७१ हजार ६ सय ५२ मतदाता रहेका छन्, जसमा पुरुष ८७ हजार १ सय ५७ र महिला ८४ हजार ४ सय ९५ रहेका छन्। जिल्लामा १ सय २ मतदान स्थल र २ सय ९ मतदान केन्द्र सञ्चालनमा रहने निर्वाचन कार्यालयले जनाएको छ । अप्ठ्यारो भूगोल भएका स्थानहरूमा मतदान सहज बनाउन केही मतदान स्थल र केन्द्र थप गरिएको छ ।

विशेषज्ञहरूले यो निर्वाचन मुख्य ठूला चार दलबीच कडा प्रतिस्पर्धा हुने र राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार हरि प्रसाद भुसालका लागि अवसर बन्न सक्ने अनुमान गरेका छन् । फागुन २१ को नतिजाले अर्घाखाँचीमा पुराना र नयाँ नेताबीचको प्रतिस्पर्धा कसको पक्षमा जाने स्पष्ट गर्नेछ ।

# नेपाल व्यवसायी संघ कतारको दोस्रो वार्षिक साधारण सभामा स्मारिका विमोचन

**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा, कतार, ११ माघ



नेपाली दूतावास कतारका मिनिस्ट्री काउन्सिलर तथा का.वा. राजदूत कुमार राईले कतारमा श्रमिकका रूपमा आएर आफ्नो पौरख देखाउँदै श्रमिकबाट सफल व्यवसायी, रोजगारदाता तथा लगानीकर्ता बन्नु गौरवको विषय रहेको बताएका छन् ।

शनिबार साँझ दोहाको एक होटेलमा सम्पन्न नेपाल व्यवसायी संघ कतार एलएलसी (जी)को २०२४-२८ कार्यकालको दोस्रो वार्षिक साधारण सभा तथा स्मारिका विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् । 'नेपालमा राष्ट्रिय विपत्तिहरू आइपर्दा सत्यताका साथ आफ्नो जन्मभूमिलाई धेरै सहयोग गर्दै गुन लगाएका छन्'उनले भने ।

कार्यक्रममा विमोचित स्मारिकामा 'संघर्षबाट समृद्धितर्फ' तर्फ इंगित गर्दै राईले व्यवसायीमा विविधता देखिएको बताए । वर्तमान समय आर्थिक समृद्धिको युग भएको हुँदा नेपाल सरकारले पनि आर्थिक कूटनीतिलाई महत्त्व दिएको हुँदा नेपालको सामाजिक आर्थिक रूपान्तरण गर्नका लागि जलविद्युत तथा पर्यटन क्षेत्र लगानीका लागि महत्त्वपूर्ण क्षेत्र रहेको बताउँदै दूतावासले व्यवसायीहरू मिलेर काम गर्न प्रतिबद्ध रहेको उनले बताए ।

संघको पहिलो वार्षिक साधरण सभाबाट गठित लगानी प्रवर्धन उपसमितिका संयोजक तथा संघका उपाध्यक्ष राज रेग्मीले समितिको एक वर्षे कार्यप्रगति र नेपालमा लगानी भित्र्याउने उद्देश्यले दर्ता गर्न लागिएको कम्पनी 'एनबिक्यु इन्भेस्टमेन्ट कम्पनी प्रालि' को प्रबन्ध पत्र पनि सार्वजनिक गरेका थिए । कार्यक्रममा आफ्नो धारणा राख्दै संघका उपाध्यक्ष तथा कतारका लागि नेपाल सरकारका पर्यटनदूत राजेन्द्र कुमार (आरके) शर्माले व्यवसायमा उतारचढाव हुने हुँदा कुनै पनि व्यक्ति १० वर्षसम्म व्यवसायमा टिक्न सक्यो भने त्योसँग व्यवसाय गर्ने क्षमता रहेको पुष्टि हुने बताए । उनले कतारमा पनि होल्डिङ कम्पनी स्थापनाको आवश्यकता बारेमा धारणा राखेका थिए । उनले संघले नेपालमा कम्पनी खोल्दै गर्दा इक्युटी र भेन्चर दुबैमा स्पष्ट हुन आवश्यक रहेको बताए । संघका संरक्षक बद्रीप्रसाद पाण्डेले बजार सदैव मुभ हुने हुँदा व्यवसायका लागि बजारको अध्ययन गर्नुपर्ने बताउँदै बजारमा काम पाउँछ कि भनेर कम्पनीमा मान्छे होल्ड गर्दा ठुलो धनराशि खर्च हुने भएकाले कामदारलाई होल्ड नगर्न सुझाव दिए ।

उनले आफूलाई अनुभव नभएको क्षेत्रमा लगानी गर्दा डुब्ने खतरा हुने हुँदा नयाँ र समस्यामा परेका व्यवसायीलाई आवश्यक स्कुलिङ गर्न अनुरोध गरे । संघका सल्लाहकारका तर्फबाट सल्लाहकार सागर नेपालले आफ्नो धारणा राख्दै स्मारिका निकै नै महत्त्वपूर्ण रहेको बताए ।

संघका कोषाध्यक्ष चूडामणि कार्कीले आयव्यय र महासचिव शंकरप्रसाद न्यौपानेले एक वर्षको कार्यप्रगति विवरण पेस गरेका थिए।

न्यौपानेसहित सचिव राजेन्द्र देवकोटाले सहजीकरण गरेको सभालाई समापन गर्दै संघका अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष महेन्द्र प्रसाद चम्लागाईंले स्मारिकामा कतारमा संघर्षका कथाहरूसहित सफलताको कथा पनि समेटिएको बताउँदै आगामी संस्करणलाई यस पटक छुटेका व्यवसायीहरूलाई पनि समेट्ने बताए । संघ मूल उद्देश्य अनुरूप नै अगाडि बढेको बताउँदै चम्लागाईंले संघ कुनै एक अमुक व्यक्ति तथा सीमित समूहको संस्था नभई कतारमा रहेका सम्पूर्ण नेपाली व्यवसायीहरूको साझा संस्था रहेको बताए ।

संस्थालाई थप प्रभावकारी, मजबुत र दीर्घकालीन बनाउन सबै व्यवसायीहरूको साथ, सल्लाह, सुझावसहित सक्रिय सहभागिता आवश्यक रहेको बताउँदै आगामी दिनमा नेपाल तथा नेपाली व्यवसायीहरूको हितलाई सर्वोपरि राख्दै संघलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममार्फत नेपाली नियोगका प्रथम सचिव अमर राई, श्रम सहचारी प्रेम पोखरेल, तृतीय सचिव रोजिना ढकाल र सहचारी शोभाखर बराललाई स्वागत गरिएको थियो । कार्यक्रममा अन्य व्यक्तिहरूले कतारमा नेपाली विद्यालय स्थापनाका लागि दूतावासले पहल गर्नुपर्ने सुझावात्मक धारणा राखेका थिए भने संघका उपाध्यक्ष नरेन्द्र भाटले संघ स्थापना गर्नुपर्ने आवश्यकताका बारेमा प्रकाश पार्दै स्वागत मन्तव्य राखेका थिए । कार्यक्रम शनिबार साँझ दोहाको एक होटेलमा सम्पन्न भएको हो ।

के छ स्मारिकामा ?

संघका स्थापनाकालदेखि हालसम्मका सबै गतिविधि समेटिएको 'संघर्षबाट समृद्धितर्फ' पुस्तकमा कतारमा नेपाली व्यवसायीहरूले बगाएको पसिना, भोगेको संघर्ष र प्राप्त गरेको सफलताको कथा छ । नेपालका फरक-फरक जिल्लाबाट श्रमिककै रूपमा कतार आएर आफूलाई व्यवसायीका रूपमा स्थापित गरेका ६७ जना व्यवसायीको व्यावसायिक गाथा पढ्न पाइन्छ। १६० भन्दा बढी पेज समावेश पुस्तकमा संघका महत्त्वपूर्ण फोटोको संग्रह, विभिन्न शुभकामनाहरू समेटिएका छन् । स्मारिकालाई रोजगार मिडिया प्रालिका प्रबन्ध निर्देशक उद्धव भट्टराईले सम्पादन संयोजनका रूपमा अन्तिम रूप दिएका हुन् ।

# सामुदायिक योग समूहद्वारा काभ्रे वृद्धाश्रममा सहयोग



**काठमाडौं / मस-** सामुदायिक सेवा समाज अन्तर्गत सामुदायिक योग समूह, मैजुबहाल-कुमारीगालले काभ्रेपलाञ्चोक पनौतीको श्री प्राणनाथ माइती वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरूमाझ लत्ताकपडा, सरसफाई सामग्री तथा भोजन वितरण गरेको छ ।

उक्त कार्यक्रममा आश्रममा आश्रित ४० जना जेष्ठ नागरिकलाई लक्षित गर्दै सहयोग गरिएको हो । सामुदायिक योग समूहकी प्रमुख प्रशिक्षक सुनिता शर्मा अर्यालले भनिन्,'हामी सर्वप्रथम आफ्नो स्वास्थ्यमा सजग छौं, त्यस्तै सेवामा समर्पित भइ लागिपरेका छौं, नियमित व्यायाम र योगाभ्यासले हामीलाई स्वास्थ्य र मानवीय सेवा कार्यमा अघि बढ्न हौसला मिलेको छ ।'

यो योग समूहले विगत साढे २ वर्षदेखि काठमाडौं महानगरपालिका वडा नं. ७, चाबहिल मैजुवहाल-कुमारीगालस्थित शहीदस्मृति सामुदायिक भवनमा बिहान ५:१५ देखि ६:३० बजेसम्म नियमित योगाभ्यास सञ्चालन गर्दै आएको छ।

कार्यक्रम सामुदायिक सेवा समाजकी कार्यवाहक अध्यक्ष विनु क्षेत्रीको प्रमुख आतिथ्यता र श्री प्राणनाथ माइती वृद्धाश्रमका अध्यक्ष रघुनाथ तिमल्सिनाको सभापतित्वमा सम्पन्न भएको हो ।

आश्रित वृद्धवृद्धाहरूले काठमाडौंबाट आएको सहयोगले आफूहरूलाई माइतीको अनुभूति भएको महसुस गरेको बताएका थिए । सहभागीहरूलाई पूजा-अर्चना र भक्तिसंगीतसहित स्वागत गरिएको थियो । कार्यक्रममा स्थानीय समाजसेवी रामचन्द्र तिमिल्सिना, पनौती विकास समाजका अध्यक्ष सुरेश सैजु, सामुदायिक योग समूहकी कोषाध्यक्ष सोभना क्षेत्री, सामुदायिक सेवा समाजका कोषाध्यक्ष विष्णुप्रसाद तिमल्सिना, र जापानी सूचना केन्द्र, नेपालका अध्यक्ष मदनकृष्ण सिलवाल लगायत उपस्थित थिए । सोही योग समूहले गत वर्ष काभ्रे जिल्लाको बेथानचोकमा बाढीपीडित परिवार हरूलाई खानेपानी पाइप वितरण गरेको थियो ।

# अण्डाको मूल्य बढ्यो

**चितवन / मस-** प्रतिनिधि सभाको निर्वाचन नजिकिँदै जाँदा अण्डाको माग उच्च भएको छ। माग बढेसँगै अण्डाको मूल्य पनि क्रमशः बढ्दै गएको छ । नेपाल लेयर्स कुखुरापालक संघले आइतबारदेखि लागू हुनेगरी अण्डाको मूल्यमा वृद्धि गरेको हो ।

यसअनुसार ठुलो अण्डा एक क्रेट (३० वटा)को फार्म मूल्य ४ सय ९५ पुगेको छ । यसअघि प्रतिक्रेट ४ सय ६५ मा बिक्री गरिएको ठुलो अण्डाको मूल्य ३० ले बढेको हो । यस्तै मझौला अण्डाको फार्म मूल्य ४ सय ७५ कायम गरिएको छ । यसअघि यो अण्डा ४ सय ४५ मा बिक्री हुँदै आएको थियो ।

गत मंसिरमा अण्डाको मूल्य हालसम्मकै उच्च भएको थियो । तत्कालीन समयमा फार्ममा ठुलो अण्डा ५ सय ६५ प्रतिक्रेटमा बिक्री भएको थियो । मझौलाको रेट ५ सय ५० थियो । संघका अध्यक्ष विनोद पोखरेलका अनुसार नेपालमा निर्वाचनको माहोल बन्नु, निर्वाचनसँगै सीमा क्षेत्रमा भएको कडाइका कारण अण्डाको मूल्यमा वृद्धि भएको हो ।

अण्डा उत्पादन गर्ने कुखुरामा कमी आउँदा अण्डा उत्पादन कम हुनु, बन्द भएका विद्यालय खुल्नुलगायत कारणले अण्डाको मूल्यमा क्रमिक सुधार आउन लागेको हो । अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्न आउँछ। यसलाई हिसाब गर्दा किसानको लागत मूल्य प्रतिक्रेट ५ सय ७४ रुपैयाँ ६ पैसा पर्न आउँछ । लागत मूल्यनजिक पुगेको अवस्थामा पुनः अण्डाको मूल्य घटेपछि किसान निरास बनेका थिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७९/०४/१६ मा दर्ता भएको **प्रा. लि. नं. २९५०१८** को श्री **नियरमी नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०५/०२ मा दर्ता भएको **प्रा. लि. नं. १७३३६८** को श्री **लिलालक्ष्मी कन्स्ट्रक्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

VACANCY
ANNOUNCEMENT
One of the reputed recruitment manpower agency is seeking for following applicants.
★ Public Relation Office (PRO) - 5 Male/Female
**Requirements:**
★ Minimum 5 Years Experienced in Related Fields.
Salary 50,000
*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at*
**admdestinyhr@gmail.com**
Govt.Lic.No.: 1552/079/080
**Destiny HR Group Pvt. Ltd.**
Sinamangal-9, Kathmandu.Tel No:5913085/5914085, 9851164801, 9851019427

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं
**दावी विरोध सम्बन्धी सूचना**
सूचना प्रकाशित मिति :२०८२/१०/१२
नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **Eminence Recruitment International Pvt Ltd** (इ.प.नं. १५६९/०७९/०८०) ले यस विभाग समक्ष चितवन जिल्ला भरतपुर महानगरपालिका - १० मा शाखा कार्यालय खोली शाखा प्रमुखमा चितवन जिल्ला भरतपुर महानगरपालिका नं. २३ बस्ने **श्री विन्दु बास्तोलालाई** नियुक्त गरी संचालन गर्दै आएकोमा उक्त शाखा प्रमुख परिवर्तन गरी रामेछाप जिल्ला सुनापति गाउँपालिका वडा नं. ४ बस्ने सुशिला पौडेल लाई नियुक्त गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभाग संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/१०/०८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**INVITATION OF BIDS (Notice No: 08/082/83)**

**Date of publication: 2082/10/12 (2026-01-26)**

**Urban Development and Building Office Hetauda, Makawanpur, Bagamati Province,** invites electronic bids from eligible and registered bidders for the procurement of the following works under NCB. Bids must be submitted through PPMO's e-GP system **https://www.bolpatra.gov.np/egp.** Eligible bidders may obtain further information at this office, Makawanpur.

| S. N. | Contract ID No. | Description of Works | Estimated Amt (Incl. VAT & PS) | Bid Security Amount (NRs.) | Bid Submission Deadline |
|---|---|---|---|---|---|
| 1. | UDBO/MAK/WORKS/ NCB/2082/83-35 | Rigid Pavement works at various roads of Rapti Na.Pa. ward no. 8, Chitwan | 28,98,378.99 /- | 80,000/- | 2082/11/13 (2026/02/25) 12:00 Noon |
| 2. | UDBO/MAK/WORKS/ NCB/2082/83-36 | Construction of Compound wall and metal works in Vrindavan Botanical Garden, Hetauda-13, Makawanpur | 19,64,230.46 /- | 55,000/- | |
| 3. | UDBO/MAK/WORKS/ NCB/2082/83-37 | Upgrading of the road from Sanantar to Umamaheshwor Tapovan Dham, Hetauda-19, Makawanpur | 31,43,509.15/- | 87,000/- | |
| 4. | UDBO/MAK/WORKS/ NCB/2082/83-38 | Construction of Drain Works From Bhatta Chowk, Narayani Public College to Nirmalrana House Janoday Tole At Bharatpur- 11, Chitwan | 19,66,601.41/- | 55,000.00/- | |
| 5. | UDBO/MAK/WORKS/ NCB/2082/83-39 | Construction of a Building infrastructure of Mahakumari Om Shanti Gita Pathshala, Ratnanagar Municipality–08, Chitwan.". | 27,52,118.53/- | 77,000.00/- | |
| 6. | UDBO/MAK/WORKS/ NCB/2082/83-40 | Cheli Nepali To Mesini Plumb Concrete Drain Works At Bharatpur-05, Chitwan | 23,58,853.00/- | 66,000.00/- | |
| 7. | UDBO/MAK/WORKS/ NCB/2082/83-41 | Drain Construction and Rigid Pavement works at Sano Gangate and Laxmipur Barrabot Area, Hetauda-17, Makawanpur | 47,15,490.27 | 1,30,000.00/- | |
| 8. | UDBO/MAK/WORKS/ NCB/2082/83-42 | "Construction of RCC drainage channel at Bharatpur Metropolitan City–12, Chitwan." | 1,964,953.98 /- | 55,000.00/- | |
| 9. | UDBO/MAK/WORKS/ NCB/2082/83-43 | "Construction of the Cultural Museum and Office Building of Nepal Darai Utthan Samaj, Bharatpur-12, Chitwan." | 2,358,215.43 /- | 65,000.00/- | 2082/11/13 (2026/02/25) 12:00 Noon |
| 10. | UDBO/MAK/WORKS/ NCB/2082/83-44 | "Construction of a Building infrastructure of Mahakumari Om Shanti Gita Pathshala, Ratnanagar Municipality–08, Chitwan." | 3,537,219.01/- | 98,000.00/- | |
| 11. | UDBO/MAK/WORKS/ NCB/2082/83-45 | "Construction of RCC road at Ratnanagar-3, Chitwan." | 8,83,717.06/- | 25,000.00/- | |
| 12. | UDBO/MAK/WORKS/ NCB/2082/83-46 | Construction of RCC drain cover slab and RCC road at various places of Ratnanagar-10, Chitwan." | 32,41,924.14/- | 90,000.00/- | |
| 13. | UDBO/MAK/WORKS/ NCB/2082/83-47 | Road Upgradation Work at Khatridanda, Bhimphedi Rural Muncipality ward no. 4, Makawanpur | 19,65,797.03/- | 55,000.00/- | |
| 14. | UDBO/MAK/WORKS/ NCB/2082/83-48 | Road Upgradation Work at Sisneri Khola, Indrasarovar Rural Muncipality ward no. 5, Makawanpur | 19,65,492.63/- | 55,000.00/- | |
| 15. | UDBO/MAK/WORKS/ NCB/2082/83-49 | Construction and Road Upgradation Work at Various Roads of Hetauda Sub Metropolitan City ward no 7, Makwanpur (Neureni Laxmi Narayan Temple Road) | 47,17,530.97/- | 1,30,000.00/- | |
| 16. | UDBO/MAK/WORKS/ NCB/2082/83-15 **(Re-Bid)** | Drain Construction and Asphalt Concreting works at Bharatpur-03, Chitwan | 19,66,045.71/- | 55,000.00/- | 2082/10/27 (2026/02/10) 12:00 Noon |
| 17. | UDBO/MAK/WORKS/ NCB/2082/83-19 **(Re-Bid)** | Asphalt Concrete Road Work at Baherigau Khairahani-1, Chitwan | 28,97,946.26/- | 72,000.00 /- | |

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
१२ माघ २०८२ सोमबार
26 January 2026 Monday

## सम्पादकीय

# मतदानस्थलको सुरक्षामा ध्यान देऊ

प्रतिनिधि सभा निर्वाचनले मुलुक चुनावमय भएको छ । निर्वाचन लोकतन्त्रको मूल आधार हो । यस्तो महत्वपूर्ण प्रक्रियालाई शान्त, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनु राज्यको पहिलो दायित्व हो । यसपटकको निर्वाचन सामान्य अवस्थाको नभई जेनजी आन्दोलनपछि सिर्जित संवेदनशील परिस्थितिमा हुन लागेको हुँदा सुरक्षा व्यवस्थालाई अझ मजबुत बनाउनु अपरिहार्य देखिन्छ । खासगरी, आन्दोलनका क्रममा लुटिएका हतियार अझै फिर्ता नहुनु र आधा जति कैदीबन्दी फरार रहनु गम्भीर चिन्ताको विषय हो । यस्तो अवस्थाले निर्वाचनको सुरक्षा चुनौती बढाएको छ । यही कारण सुरक्षा निकायले करिब ११ हजार मतदानस्थलमध्ये ३ हजार ६ सय ८० मतदानस्थललाई 'अति संवेदनशील' सूचीमा राखेर सुरक्षा रणनीति बनाउन लागेको छ ।

सुरक्षा संयन्त्रले राजनीतिक प्रतिस्पर्धा, खुला सीमाना, विगतका घटनाक्रम, भौगोलिक अवस्थालगायत आधारमा मतदानस्थलको वर्गीकरण गरेको जनाएको छ । तर सुरक्षा संवेदनशिलता वर्गीकरण गरेर मात्र पुग्दैन, त्यसअनुसार पर्याप्त जनशक्ति, स्रोत र सक्रिय निगरानी आवश्यक हुन्छ । यसपटक करिब ३ लाख सुरक्षाकर्मी परिचालनको तयारी गरिएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र निर्वाचन प्रहरीको संयुक्त परिचालनले सुरक्षा बलियो हुने दाबी सरकारको छ । मतदाताको संख्या बढेसँगै मतदानस्थल र केन्द्र पनि थपिएका छन् । यसले व्यवस्थापन र सुरक्षामा थप चुनौती ल्याएको छ । कतिपय जिल्लामा निर्वाचन प्रहरी अपुग देखिन्छ । यस्ता कमजोरी समयमै समाधान नगरे निर्वाचन सुरक्षाप्रति ढुक्क हुने स्थिति नहुन सक्छ ।

प्रहरी र गृह मन्त्रालयका उच्च अधिकारीहरूले निर्वाचनमा शान्ति सुरक्षाबारे डर मान्नुपर्ने अवस्था नरहेको दाबी गरेका छन् । तर दल र उम्मेदवार मात्र होइन, आममतदातासमेत निर्धक्क हुन सकेका छैनन् । त्यो स्थितिको अन्त्य गर्न सुरक्षाका नाममा मतदातालाई त्रास नहुने र लापरबाहीका कारण अवाञ्छित घटना पनि नहुने स्थितिको सुनिश्चितता आवश्यक देखिन्छ । शान्तिपूर्ण रूपमा निर्वाचन सफल पार्नु अन्तरिम सरकार र सुरक्षा निकायको मात्र नभई सबै राजनीतिक दलको साझा जिम्मेवारी हो । बलियो सुरक्षा प्रबन्ध, पारदर्शी कार्यशैली र नागरिकको विश्वास कायम राख्न सके मात्र यो निर्वाचन लोकतन्त्र र संविधानलाई ट्र्याकमा ल्याउने प्रमुख माध्यम बन्न सक्छ । त्यसका लागि राज्यले कुनै कसर बाँकी राख्नु हुँदैन ।

# कस्ता पार्टी र उम्मेदवारलाई मत दिने ?

*नेपाल संसारको पछिल्लो मुलुक हुनुपर्ने देश होइन । अव्यवस्थापकीय क्षमता भएका कमजोर शासक र गलत प्रणालीले यो दुर्दशा ल्याएकोमा कुनै दुई मत छैन । यो चुनावले देशको भाग्य र भविष्य निर्माण गर्नुपर्छ ।*

अग्रलेख



● बिदुर दाहाल

चुनावको रापतापमा जित्ने र जिताउने विषयले प्राथमिकता पाउँछ । यो समयमा बढी चनाखो हुनु पर्ने मतदाताले हो । हरेक मतको मूल्य हुन्छ । मतदाताले धेरै पटक सोचेर र बिचार गरेर मतदान गर्नु पर्छ । बेहोसीमा मतदान गरी पछुताउने नेपालीको बानी हो । यसलाई रोकिनु पर्छ । मतदाताले सबैका कुरा सुन्ने, विश्लेषण गर्ने र ठिक व्यक्ति, पार्टी र एजेन्डा भएकालाई छानी मतदान गर्नु पर्छ ।

कतिपय अवस्थामा जनताहरू निमुखा छन् । चेतना र सूचना विश्लेषण क्षमता कमजोर छ, बुझ्दैनन् । त्यस्तो भएको हुँदा विदेशमा रहेका छोराछोरी र आफन्तसँग छलफल गर्नु पर्छ । विदेशमा रहेका नेपाली मतदाता पनि सम्भव भएसम्म देशमा मतदान गर्न आउनु पर्छ । आउन नसके भने आफन्तलाई मार्गदर्शन गर्नु पर्छ । यस चुनावमा विदेशमा बसेका लाखौं नेपालीको महत्वपूर्ण भूमिका हुनेछ । यो सामान्य अवस्थाको चुनाव होइन ।

नेपाल संसारको पछिल्लो मुलुक हुनु पर्ने देश होइन । अव्यवस्थापकीय क्षमता भएका कमजोर शासक र गलत प्रणालीले यो दुर्दशा ल्याएकोमा कुनै दुई मत छैन । यो चुनावले देशको भाग्य र भविष्य निर्माण गर्नु पर्छ । जेनजी विद्रोहले उठाएका सवाललाई आत्मसात् गर्न जरुरी छ ।

देशमा लामो समयदेखि कुशासन चलिरहेको छ । राणाले देश विकास गरेनन्, पञ्चायतले विकास गर्न दिएन भनेर घोकाइयो । त्यो भ्रम हो । विगत ३६ वर्षदेखि पनि देशमा कुशासन चलेको छ । यस अवधिमा विश्वका धेरै मुलुकहरूले चमत्कारिक विकास गरे । नेपाल भने पछि परेको मात्र होइन, यसमा सतीले सरापेको मुलुक होइन । यो एक कुशल व्यवस्थापकको नेतृत्वको अभावमा हो । यसो हुनुमा अनेक कारणहरू छन्, जसलाई मिहिन ढंगले विश्लेषण गरिएन । एकले अर्कालाई दोष लगाउँदै शासकहरू उम्किरहेका छन् । यो नै मुख्य समस्या हो ।

जेनजी विद्रोहले सुशासन माग गरेको छ । भ्रष्टाचारको न्यूनीकरण खोजेको छ । रोजगारीको माग गरेको छ । यसमा उनीहरूको दोष थिएन । वास्तविकतामा, देशले शासकीय व्यवस्थामा परिवर्तन खोजेको हो । चुनाव प्रणालीमा सुधार चाहेको छ । संघीयताको परिमार्जन र सबलीकरण चाहेको छ ।

बहुदलीय व्यवस्थामा व्यक्ति एक महत्वपूर्ण पाटो हो । तर व्यक्तिबाट बढी महत्वपूर्ण कुरा भनेको पार्टीको चयन हो । त्यसो हुँदा माथिका विषयमा पार्टीका घोषणापत्रलाई हेर्ने, पढ्ने, बुझ्ने र चुनावमा भोट माग्न आउने उम्मेदवारलाई प्रश्न गर्ने आवश्यकता छ । देशलाई गिजोलिरहेका केही मुद्दाहरू छन् । तीलाई कुनै न कुनै रूपमा सम्बोधन गरिनु पर्छ । जस्तो कि-



**१. सुशासन**

देशमा सुशासन मर्न लागेको छ । घुस नखुवाई सार्वजनिक काम गर्न सकिँदैन । सरकारी कार्य प्रणालीमा सुधार गर्नु पर्नेछ । पारदर्शिता, विधिको शासन, जनसहभागिता र तल्लो तहबाट सेवा प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्नु पर्छ । विकास नेताले गर्ने होइन, प्रणाली र प्रक्रियाले गर्नुपर्छ । आवश्यकता र औचित्यका आधारमा विकास हुनु पर्छ । विकास नेता प्रधान नभई नीति प्रधान हुनु पर्छ ।

**२. संघीयता**

संघीयता आफैंमा न वरदान हो, न अभिसाप हो । जनतालाई सेवा वितरण गर्ने एउटा माध्यम हो । नेपालका संविधान २०७२ ले संघीयतालाई आत्मसात् गरेको छ । यो बिगार्नभन्दा सुधार्न लाग्नु पर्छ । मुख्य कुरा प्रतिनिधित्व र भद्दा संरचनामा समस्या हो । त्यसैले जनताले यसबारे प्रश्न गरिरहेका छन् । चुस्त संघीयता भएमा फाइदा हुन्छ । प्रदेश अधिकार सम्पन्न छैन । केन्द्रीय सरकारको प्रभुत्व बढी छ । प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्छ । प्रदेश धेरै भए भने घटाउन सकिन्छ । ५५० प्रतिनिधित्वलाई आधाभन्दा कम गर्न सकिन्छ । नेता व्यवस्थापन गर्ने माध्यम बनाउनु हुँदैन प्रदेशलाई । जनताको वितृष्णा यहीं छ ।

**३. निर्वाचन प्रणाली**

निर्वाचन प्रणाली खर्चिलो भएको छ । धन र डन हुनेले मात्र चुनाव जित्ने भएका छन् । त्यसैले पूर्ण समानुपातिक निर्वाचन प्रणाली आवश्यक छ । यसले चुनावमा हुने बेइमानी, बुथ कब्जा, चुनाव जित्नका लागि गरिने भ्रष्टाचार र पार्टी-कार्यकर्ताबिचको मनमुटाब कम गर्छ । मास बेस पार्टीलाई प्रवर्धन गर्छ, जुन जरुरी छ । क्याडर बेस प्रणालीले अनावश्यक शक्ति सञ्चय गर्नुका साथै राजनीतिलाई जागिर बनायो । यो हुनु हुँदैन ।

**४. शासकीय व्यवस्था**

पूर्ण समानुपातिक निर्वाचन प्रणाली बनाई प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने प्रणाली विकास गर्दा स्थायित्व प्राप्त हुन्छ । सरकार तोकेको अवधिसम्म टिक्न सक्छ । अस्थिरताबाट उब्जिएका खराब पक्ष नियन्त्रण गर्न सकिन्छ । प्रधानमन्त्रीले राष्ट्रहित विपरीत काम गरेमा महाअभियोग लगाई सन्तुलन गर्न सकिन्छ । मुख्य मन्त्री र प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन र केन्द्र तथा प्रदेश संसदको पूर्ण समानुपातिक प्रणालीले संसद् बाहिरका विज्ञहरूलाई मन्त्री बनाउने व्यवस्था गर्दा राजनीतिलाई व्यापार र जागिर बनाउने प्रणाली घट्न सक्छ । चुनावका लागि मरिहत्ते कम हुन्छ ।

स्थानीय सरकारलाई अझ बलियो बनाउनुपर्छ । केन्द्रीय सरकारका रक्षा र विदेश नीति बाहेक सबै अधिकार प्रदेशलाई दिनुपर्छ । संघ केवल नियामक निकाय बन्नुपर्छ । यसले प्रदेशहरूलाई बलियो र अधिकार सम्पन्न बनाउँछ । यो चाहिएको व्यवस्था हो ।

**५. कर्मचारीतन्त्र**

स्थायी कर्मचारीतन्त्रको विकल्प खोज्नु पर्छ । घण्टा बेसिस वा करार सेवामा भर्ती गरेर भुक्तानी गर्ने व्यवस्था गर्नुपर्छ । यसले सेवा प्रवाहमा सुधार ल्याउँछ । यो कार्यान्वयनमा कठिनाइ आउन सक्छ, तर राज्यले जोखिम उठाउन सक्नु पर्छ । यसो गर्दा श्रम शोषण नहुने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

**६. अर्थ नीति**

संविधानले समाजवाद उन्मुख अर्थतन्त्र भनेको छ । धनिकको धन गरिबलाई बाँडेर अर्थतन्त्र बलियो हुँदैन । निजी क्षेत्रको मनोबल बढाउनुपर्छ । उद्यमशीलताको विकास नगरी अर्थतन्त्र बलियो हुँदैन । उद्यमशीलता विकास गर्न निजी क्षेत्र बलियो हुनु पर्छ । देश भित्र र बाहिरका लगानीकर्तालाई प्रोत्साहन दिनुपर्छ । सकेसम्म केही वर्ष लगानीकर्तालाई कर मिनाहा दिनुपर्छ । यसले व्यापक रोजगारी सिर्जना गर्छ । अहिले देशमा चाहिएको रोजगारी हो । राज्यले करलाई रोजगारीमा लगाउनु पर्छ ।

यस कार्यालयको देहायको योजना निर्माण कार्य गर्नका लागि मिति २०८२/७/२ गते EGP मार्फत आह्वान भएको बोलपत्रको सूचना बमोजिम पेश भएका बोलपत्रहरुको प्राबिधिक तथा आर्थिक पक्षको मुल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभाबग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भइ आएकोमा सार्बजानिक ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | बोलपत्र प्याकेज नम्बर | बोलपत्रदाता को नाम ठेगाना | कबोल रकम (Excluding VAT & PS - Nrs.) |
|---|---|---|---|
| 1. | MRM/NCB/WORKS/2082/083-2” Mahadeva Ga. Pa. Antargat Bipan Samuday kaa lagi namuna basti nirman” | Amrawati nirman sewa Malekpur-6, Saptari | १९०७१९९७.५ |

प्रमुख प्रशासकीय अधिकृत

# स्वास्थ्य बिमामा व्यापक दुरुपयोग भएको छ, कडाइ गरिन्छ : स्वास्थ्यमन्त्री



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्री डा.सुधा शर्मा गौतमले स्वास्थ्य बिमा कार्यक्रममा प्रिमियम कोषको ठुलो दुरुपयोग भएको बताएकी छन् । उनले यसलाई रोक्न तत्काल कडा उपायहरू लागू गर्ने घोषणा गरिन् ।

आफ्नो तीन महिने कार्यकालको प्रगति सार्वजनिक गर्दै उनले प्रति परिवार वार्षिक एक लाख रुपैयाँको सीमित रकम जथाभावी रूपमा सक्ने नियतले अनावश्यक स्वास्थ्य जाँच तथा उपचार गराइएको र सेवा प्रदायक संस्थाहरूले गलत नियतले पैसा असुल्ने गरेको पाइएको बताइन् ।

मन्त्री गौतमले प्रिमियम संकलनभन्दा दाबी बढी हुने, समयमै भुक्तानी नहुने, अनावश्यक सेवा उपभोग (मोरल हेजर्ड), उच्च जोखिम भएकाको बढी सहभागिता (एडभर्स सेलेक्सन), कमजोर दाबी व्यवस्थापन, संगठित क्षेत्रको न्यून सहभागिता तथा बोर्डको आन्तरिक क्षमता अभाव जस्ता चुनौतीहरू रहेको उनको भनाइ छ । यी समस्यालाई सम्बोधन गर्न मन्त्रालय र स्वास्थ्य बिमा बोर्डले संयुक्त राष्ट्रिय कार्यशाला आयोजना गरी १९ वटा प्रमुख कार्यबिन्दुमा आधारित कार्ययोजना तयार पारेको छ । र्ययोजनामा लाभ थैली परिमार्जन गरी विशेषज्ञ तथा जटिल रोग उपचारलाई प्राथमिकता दिने, दोहोरो सेवा हटाउने, ओपीडी र आईपीडीका लागि छुट्टै खर्च सीमा निर्धारण गर्ने, रिफरल मापदण्ड स्पष्ट गर्ने, सह-भुक्तानी दर पुनरावलोकन गर्ने तथा सेवा शुल्क वा औषधि मूल्यमध्ये कम हुनेलाई मात्र भुक्तानी गर्ने व्यवस्था समावेश छ । असामान्य दाबी पहिचान गरी अडिट गर्ने र बायोमेट्रिक आईडी तथा एसएमएस अलर्टमार्फत बीमितको पहिचान सुनिश्चित गर्ने प्रावधान पनि छन् । बिमा कोषको दिगोपन सुनिश्चित गर्न तीनै तहका सरकारबाट अनिवार्य योगदान माग गरिएको छ ।

अहिले संघीय सरकार मात्र सक्रिय रहेको अवस्थामा प्रदेश तथा स्थानीय तहलाई यो वर्ष सम्भव भए योगदान गर्न र आगामी बजेटमा व्यवस्था मिलाउन आग्रह गरिएको छ। सूर्तीजन्य पदार्थबाट संकलित स्वास्थ्य करको कम्तीमा २५ प्रतिशत रकम बिमा कोषमा जम्मा गर्ने ऐनको प्रावधान कार्यान्वयन गर्न अर्थ मन्त्रालयसँग माग गरिएको छ । तर हाल ५ प्रतिशत पनि प्राप्त नभएको स्थिति छ ।

थप स्रोत जुटाउन गुलियो पेय पदार्थ, चिजबल तथा जंक फुड जस्ता स्वास्थ्य हानिकारक वस्तुमा स्वास्थ्य जोखिम कर लगाई संकलित रकम बिमा कोषमा जम्मा गर्ने प्रस्ताव अर्थ मन्त्रालयमा पेस गरिएको छ। संगठित क्षेत्रका कर्मचारीहरू (राष्ट्रसेवक, शिक्षक, प्रहरी, सेना आदि) लाई अनिवार्य बिमामा आबद्ध गर्ने प्रक्रिया पनि सुरु गरिएको छ ।

मन्त्री गौतमले औषधिको गुणस्तर अनुगमन तथा खरिद-बिक्री व्यवस्थापनका लागि आवश्यक प्रयोगशाला स्थापना र संस्थागत सुधार पनि अघि बढाइएको बताइन् । स्वास्थ्य बिमा कार्यक्रम २०७२ देखि सञ्चालित छ र हाल ७७ जिल्ला तथा ७५३ स्थानीय तहमा विस्तारित छ । तर वित्तीय असन्तुलन र दुरुपयोगले कार्यक्रम प्रभावित भएको छ ।

उनले तीन महिने कार्यप्रगतिमा जेनजी घाइतेहरूको उपचार, मातृ तथा नवजात शिशु स्वास्थ्य, मानसिक स्वास्थ्य, वैदेशिक रोजगारीमा संलग्न नेपालीको स्वास्थ्य सेवा, खरिद-आपूर्ति व्यवस्थापन तथा औषधि प्रयोगशाला सुधारलाई प्राथमिकता दिएको उल्लेख गरिन् । उनले आगामी दिनमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहलाई केन्द्रमा राखेर स्वास्थ्य प्रणालीलाई नागरिकको विश्वास जित्ने दिशामा निरन्तर काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

# उमाकान्त पौडेल स्मृति पत्रकारिता पुरस्कार दवाडीलाई



**काठमाडौं/मस–** नेपाल पत्रकार मञ्चले प्रदान गर्ने उमाकान्त पौडेल स्मृति पत्रकारिता पुरस्कार वरिष्ठ पत्रकार शिरोमणि दवाडीलाई प्रदान गर्ने निर्णय गरेको छ । ललितपुरको लाकुरी भञ्ज्याङमा सम्पन्न मञ्चको विशेष बैठकले करिब तीन दशकदेखि पत्रकारितामा क्रियाशील वरिष्ठ पत्रकार दवाडीलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो। दवाडी हाल अन्नपूर्ण मिडिया नेटवर्क अन्तर्गतको रेडियो अन्नपूर्णका प्रमुख छन् भने उनी अध्यात्मिक पत्रकार समाजका अध्यक्ष समेत हुन् ।

बैठकमा मञ्चका पदाधिकारी तथा सदस्यहरूको संयुक्त सहभागिता रहेको थियो । बैठकले मञ्चका पूर्वमहासचिव राम पौडेल र सदस्य नारायण आचार्यद्वारा स्थापना गरिएका विभिन्न स्मृति पत्रकारिता पुरस्कारहरू प्रत्येक वर्ष मञ्चको वार्षिक उत्सवका अवसरमा पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएका पत्रकारलाई प्रदान गर्ने निर्णयसमेत गरेको छ। पुरस्कार प्राप्तकर्ता मञ्चको छनोट समितिबाट छनोट गरिने व्यवस्था गरिएको छ ।

नेपाल पत्रकार मञ्चको स्थापना दिवस चैत ३० गतेका अवसरमा हरेक वर्ष प्रदान गरिने यी पुरस्कार स्थापना गरेकोमा मञ्चका अध्यक्ष युवराज विद्रोहले दाता राम पौडेल र नारायण आचार्यप्रति हार्दिक कृतज्ञता व्यक्त गरे ।

राम पौडेलले आफ्ना स्वर्गीय पिता उमाकान्त पौडेलको स्मृतिमा स्थापना गरेको पुरस्कारको नाम उमाकान्त पौडेल स्मृति पत्रकारिता पुरस्कार राखिएको छ, जसको नगद राशी ५ हजार ५ सय ५५ रुपैयाँ रहेको छ ।

यसैगरी नारायण आचार्यले आफ्ना स्वर्गीय पिता इन्द्रप्रसाद आचार्य र स्वर्गीय माता यानकुमारी आचार्यको स्मृतिमा स्थापना गरेको पुरस्कारको नाम इन्द्रप्रसाद-यानकुमारी आचार्य स्मृति शैक्षिक पत्रकारिता पुरस्कार राखिएको छ, जसको नगद राशी ११ हजार १ सय ११ रुपैयाँ रहेको छ ।

**मलेसियामा रोजगार**

कम्पनी: MAJU JAYA FARM
पूर्व स्वीकृत मिति: २०८२/१०/११
चलानी नं.: ६०२५१२३७
शहर : MALAYSIA
LT. No.: 337742

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 12 | 0 | स. काममा दक्ष | 1700 | ६२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TILICHO OVERSEASE PVT.LTD.**
Gov. Lic No. 1234/074/075
Bijaychowk, Gaushala -9, Kathmandu, Tel :015927398/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com, Website : www.tilichooverseas.com.np

# महेशपुर भन्सार मिनी सुख्खा बन्दरगाह बनाउने उम्मेदवार थापाको पहिलो प्राथमिकता

**बिनोद निगम/ मध्यान्ह**
नवलपरासी, ११ माघ



नेपाली कांग्रेसका तर्फबाट पश्चिम नवलपरासी निर्वाचन क्षेत्र नम्बर-२ का प्रतिनिधिसभा उम्मेदवार भिमबहादुर थापा क्षेत्रीले लोकतन्त्रको सुदृढीकरण पार्टी एकता र जनताको आवाज संसदसम्म पुऱ्याउने स्पष्ट प्रतिबद्धता व्यक्त गरेका छन् ।

सुनवलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै थापाले आगामी प्रतिनिधिसभा निर्वाचनलाई लोकतन्त्र सुदृढ गर्ने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गरे । उनले नेपाली कांग्रेसलाई नेपालको सबैभन्दा पुरानो, संगठित र लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित पार्टीको रूपमा चित्रण गर्दै पार्टी सधैं नागरिक अधिकार, समावेशिता, सुशासन र सामाजिक न्यायको पक्षमा उभिँदै आएको बताए ।

लोकतन्त्रको मर्म : नागरिकको प्रश्न गर्ने अधिकार पत्रकारहरूसँगको अन्तरक्रियामा थापा क्षेत्रीले लोकतन्त्रको वास्तविक मर्म नागरिकको स्वतन्त्र अभिव्यक्ति र अधिकार सुनिश्चित गर्नु भएको स्पष्ट पारे । 'लोकतन्त्रको आत्मा भनेको नागरिकले निर्भीक रूपमा प्रश्न गर्न पाउनु र आफ्नो अधिकार माग्न सक्नु हो,' उनले भने, 'दबिएका,ओझेलमा परेका र आवाजविहीन नागरिकका आवाजलाई राज्यको मूल धारमा ल्याउनु हाम्रो प्रमुख दायित्व हो ।' उनले लोकतान्त्रिक अभ्यास कमजोर हुँदा नागरिक अधिकार संकुचित हुने खतरा रहने उल्लेख गर्दै त्यसलाई मजबुत बनाउन जनप्रतिनिधि जिम्मेवार र उत्तरदायी हुनुपर्ने धारणा राखे । पार्टीभित्र द्वन्द्व नरहेको दाबी नेपाली कांग्रेसभित्र टिकट वितरणका क्रममा देखिएका चर्चाबारे प्रतिक्रिया दिँदै थापाले त्यसलाई सामान्य राजनीतिक प्रक्रिया भएको बताए ।

निर्वाचन आयोगले आधिकारिक उम्मेदवार घोषणा गर्नुअघि विभिन्न आकांक्षीका आ-आफ्ना दाबी हुनु स्वाभाविक भएपनि हाल पार्टीभित्र कुनै किसिमको विवाद वा द्वन्द्व नरहेको उनको दाबी थियो ।

'पार्टीको आधिकारिक निर्णयपछि सबै नेता तथा कार्यकर्ता एक ढिक्का भएका छन्,' उनले भने, 'अहिले नेपाली कांग्रेस पूर्ण रूपमा एकताबद्ध भई निर्वाचनमा होमिएको छ ।' चारतारे झण्डा र रुख चिन्हमुनि एकता आगामी निर्वाचनमा नेपाली कांग्रेसको पक्षमा जनमत आउने विश्वास व्यक्त गर्दै थापाले पार्टीका सम्पूर्ण नेता, कार्यकर्ता र शुभेच्छुकहरू चारतारे झण्डा र रुख चिन्हमुनि गोलबन्द भइसकेको बताए ।

'पार्टीको निर्णय सबैका लागि सर्वोपरी हुन्छ । अहिले कुनै मनमुटाव छैन, सबै कांग्रेसको झण्डामुनि उभिएका छौं,' उनले भने, 'यसको सकारात्मक परिणाम जनता स्वयंले अनुभूति गर्नुहुनेछ ।'

नगरप्रमुखको कार्यकाल र अनुभव आफ्नो विगतको कार्यसम्पादन स्मरण गर्दै थापाले आफू सुनवल नगरपालिकाको नगरप्रमुख रहँदा निस्वार्थ भावले जनसेवामा समर्पित भएर काम गरेको दाबी गरे ।

तलब तथा सुविधा समेत नलिई नमुना काम गरेको उल्लेख गर्दै उनले स्थानीय तहमा हासिल गरेको अनुभव नै आफ्नो राजनीतिक आधार भएको बताए ।

'मैले स्थानीय तहमा जनताको पक्षमा काम गरेर देखाइसकेको छु,' उनले भने,'अब ती स्थानीय समस्या,आवश्यकता र जनताको आवाज संसदसम्म पुऱ्याउन मलाई अवसर दिनुहोस् ।' महेशपुर भन्सार विकास पहिलो प्राथमिकता थापाले निर्वाचित भएपश्चात् महेशपुर भन्सारलाई आवश्यक भौतिक पूर्वाधारले सुसज्जित गर्दै मिनी सुख्खा बन्दरगाहका रूपमा विकास गर्नु आफ्नो पहिलो प्राथमिकता हुने स्पष्ट पारे । यसले सीमावर्ती व्यापारलाई व्यवस्थित बनाउनुका साथै राजस्व वृद्धि, रोजगारी सिर्जना र स्थानीय आर्थिक गतिविधि विस्तारमा उल्लेख्य योगदान पुग्ने उनको भनाइ थियो । मतदातासँग अपिल अन्त्यमा थापाले नवलपरासी निर्वाचन क्षेत्र नम्बर २ का मतदातासँग लोकतन्त्र,विकास र स्थायित्वका लागि नेपाली कांग्रेसलाई मत दिन आग्रह गरे । जनताको भरोसा र समर्थन प्राप्त भए आफू संसदमा पुगेर प्रभावकारी ढंगले क्षेत्र र नागरिकका मुद्दा उठाउने उनको प्रतिबद्धता थियो ।

बागमती प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**सामाजिक विकास कार्यालय, हेटौडा, मकवानपुर**

**सामुदायिक पुस्तकालय सवलीकरणका लागि प्रस्ताव पेश गर्ने बारे सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/१०/१२)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामुदायिक पुस्तकालय सवलीकरण कार्यक्रम सञ्चालन हुने भएको हुँदा सामुदायिक पुस्तकालय सवलीकरण अनुदान सम्बन्धी कार्याविधि, २०८२ को अनुसूची-१ बमोजिम तोकिएको ढाँचा अनुसारको आवेदन र कागजातहरू संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न सिन्धुली, मकवानपुर र चितवन जिल्लाका इच्छुक सामुदायिक पुस्तकालयहरूका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र कार्यविधिको दफा ४ बमोजिमका शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । सूचना सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको वेबसाइट https://sdohetauda.bagamati.gov.np/ मा हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिनेछ ।

**Bannigadhi Jayagadh Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jayagadh, Achham**

**Invitation for NCB**

**(Date of Publication: 26 January 2026 (2082/10/12 B.S)**
**(Contract Identification no: BJRM/NCB/WORK/2082-083/02 )**

1. Bannigadhi Jayagadh Rural Municipality invites electronic bid from Nepalese Bidders Under National Competitive Bidding procedures:

| Tender ID No. | Description of Works/Jobs | Bid Document Fee Nrs | Last Date of Submission | Bid Security (Nrs.)/ Minimun Validity | Estimated Amount(Rs) (Without VAT & Contingency) |
|---|---|---|---|---|---|
| BJRM/NCB/ WORK/ 2082-083/02 | Construction Of Saraswati Ma.Vi.Gheraparkhal Nirman | 3000/- Nrs | 25 Feb 2026 (2082/11/11) 12:00 Hrs | 62,000/ 120 Days | 21,33,569.15 |

2. Electronic bid Shall be open in the presence of bidder representative who choose to attend at **25 Feb 2026 (2082/11/13), 13:00** hours at the office of Bannigadhi Jayagadh Rural Municipality, Jayagadh absence of bidder will not hindered in opening of bid.
3. Bidder Should download the bidding documents for e-submission from PPMO's Web Site WWW.bolpatra.gov.np/egp. Bidders Submitting their bid electronically, should deposit non-refundable fee of NRs 3000 bidding document in theProject's Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bider at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank.
   Name of Bank: **Himalayan Bank, Bannigadhi Branch, Achham**
   **Account Name: Bannigadhi 'ga 1-1' ,Antarik Rajaswa Khata**
   **Account No: 12051561540119**
   **Rajaswa (revenue) Shirshak no.:14229**
   **For Bid security: Himalayan Bank, Bannigadhi Branch Achham**
   **Account Number: Bannigadhi GA-3 Stha Tatha Dharo Khata**
   **Account No : 12051561540097**
4. If the last date of purchasing and / or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the orginal last date of bid submission.
5. Eligible bidders may obtain further information and inspect the Bidding Document at the office of **Bannigadhi Jayagadh Rm achham, Email: log.bannigadhi@gamil.com**, **Mobile no: 9843227919**

**Chief Administrative Officer**

# ‘रमिताको पिरती’ ट्रेलरमा ब्रेकअपको कथा




**काठमाडौं/मस–** अभिनेत्री आना शर्माको शीर्ष भूमिका रहेको नेपाली फिल्म ‘रमिताको पिरती’को ट्रेलर सार्वजनिक गरिएको छ। आइतबार काठमाडौंमा आयोजित विशेष कार्यक्रममा निर्माण पक्षले तीन मिनेट लामो ट्रेलर सार्वजनिक गर्दै फिल्मको कथावस्तु दर्शकमाझ प्रस्तुत गरेको हो। ट्रेलर युट्युबमार्फत पनि सार्वजनिक भइसकेको छ।

युवतीको दृष्टिकोणबाट भनिएको कथामा आधारित यो फिल्मको केन्द्रमा आना शर्मा छिन्। जेन-जी र जेन-वाई पुस्ताले सहजै महसुस गर्न सक्ने प्रेम, ब्रेकअप, धोका र भावनात्मक उतारचढाव फिल्मको मुख्य विषय बनेको ट्रेलरबाट प्रस्ट हुन्छ। इमान्दार र प्रतिबद्ध प्रेमको खोजीमा रहेकी रमिता (आना)ले लगातार भोग्नुपरेका ब्रेकअप र धोका नै कथाको मूल धागो हो।

ट्रेलरमा मानवीय सम्बन्धका सूक्ष्म पक्ष, आदर्श प्रेमको चाहना र त्यसले निम्त्याउने ‘विषाक्त प्रेम’को अनुभवलाई संवेदनशील ढंगले प्रस्तुत गरिएको देखिन्छ। कथावस्तु, चरित्र चित्रण र केन्द्रीय द्वन्द्वबारे ट्रेलरले संक्षिप्त झलक दिन्छ।

कार्यक्रममा निर्देशक सुदिप्ताले ‘रमिताको पिरती’लाई लभस्टोरीभन्दा पनि ‘ब्रेकअप स्टोरी’ का रूपमा व्याख्या गरिन्। उनले भनिन्, ‘नेपालमा धेरैजसो फिल्म केटाको दृष्टिकोणबाट बनेका छन्। मैले महिलाको दृष्टिकोणबाट प्रेम र ब्रेकअपको कथा भन्न खोजेकी हुँ। ब्रेकअपपछि एउटी केटीको मस्तिष्कमा पर्ने असर र उसले भोग्ने मानसिक संघर्षलाई फिल्ममा देखाइएको छ।’

अभिनेत्री आना शर्माले पनि आफूले यो कथामा काम गर्नुअघि करिब ६ महिना निर्देशकसँग बसेर पात्रलाई बुझ्दै आफूलाई ढालेको बताइन्। कार्यकारी निर्माताको भूमिकामा समेत रहेकी आना फिल्मको केन्द्रीय पात्रका रूपमा फरक अवतारमा देखिएकी छन्।

अभिनेता धीरज मगरले हिरोइन केन्द्रित कथामा काम गर्न पाउँदा खुसी लागेको बताए। ‘दर्शकले मलाई यसअघि भन्दा भिन्न भूमिकामा देख्न पाउनुहुन्छ,’ उनले भने। यो फिल्मबाट गायक समीर श्रेष्ठले अभिनयमार्फत फिल्म करिअरको सुरुवात गरेका छन्। फिल्ममा विनय श्रेष्ठ, गौमाया गुरुङ, पशुपति राई, रेणु योगी, थिन्ले ल्हामो लगायतका कलाकारहरूको पनि अभिनय छ। सागर लम्साल निर्माता रहेको फिल्ममा आना शर्मा र सन्तोष लम्साल कार्यकारी निर्माता छन्। आरपी प्रोडक्सन एसोसिएट निर्माता रहेको यस फिल्ममा सुवास कोइराला सह-निर्माता तथा निर्देशक छन्। छायांकन शिशिर विशंखेले गरेका छन् भने सम्पादन सुनिल शिवभक्तिको छ। संगीत सुशान्त केसी, समीर श्रेष्ठ, महेश काफ्ले, अस्मिता अधिकारी र कुशल पोखरेलको रहेको छ। कपिल पराजुलीको कलर र कृतिका बरालको कोरियोग्राफी फिल्ममा समावेश छ। ‘रमिताको पिरती’ आगामी माघ २३ गतेदेखि देशभर प्रदर्शनमा आउने तयारीमा रहेको निर्माण पक्षले जनाएको छ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०५/३० मा दर्ता भएको **प्रा. लि. नं. १२६६३७** को श्री **लुम्बिनी फुटसल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**युएईमा रोजगार** कम्पनी: AL MARWAN GENERAL CONT.CO.LLC. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/३० चलानी नं.: ६०२२८०६२ LT. No.:313657 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 35 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pipe Fitter | 20 | 0 | | 1200 | ४७,९६४ | | | | | | | |
| 3. | Carpenter | 35 | 0 | | 1200 | ४७,९६४ | | | | | | | |
| 4. | Mason | 41 | 0 | | 1200 | ४७,९६४ | | | | | | | |

कम्पनी: AL MARWAN GENERAL CONT.CO.LLC. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/२९ चलानी नं.: ६०२२८००१ LT. No.:313658 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Operator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2800 | १,११,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Excavator JCB Shovel Operator | 5 | 0 | | 2000 | ७९,९४० | | | | | | | |
| 3. | Heavy Equipment Opretators Bull Doz | 27 | 0 | | 2400 | ९५,९२८ | | | | | | | |
| 4. | Heavy Truck Drivers | 32 | 0 | | 2300 | ९१,९३१ | | | | | | | |
| 5. | Trench Digger Oprator | 32 | 0 | | 2300 | ९१,९३१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Itahari Contact No: 9852049211

---

## बुलिङटार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बुलिङटार नवलपरासी बर्दघाट सुस्ता पूर्व**
**गण्डकी प्रदेश नेपाल**

### आ.व. २०८२/०८३ को ढुंगा, गिट्टी र बालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८२/१०/१२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) ले दिएको अधिकार प्रयोग गरी यस बुलिङटार गाउँ कार्यपालिकाको निर्णयानुसार कालीगण्डकी नदीको तपशिल बमोजिमको घाटक्षेत्रबाट प्राकृतिक स्रोत बापतको कर असुली सम्बन्धी कार्य गर्न आ.व. २०८२/०८३ को लागि ठेक्का प्रक्रियाद्वारा गर्नुपर्ने भएकोले ढुंगा, गिट्टी र बालुवा, उत्खनन् गरी बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम फर्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, ठेक्काको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपी, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले विद्युतीय (E-Bid) माध्ययमबाट बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| सि. न. | ठेक्का नं. | घाटको नाम | उत्खनन् परिमाण (घन मि.) | न्यूनतम रकम मु.अ.कर समेत | बोलपत्र दस्तुर | धरौटी रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | BUL/NCB/GOODS/ghumarighat/01/082/083(3rd time) | घुमारीघाट (क) क्षेत्र बुलिङटार-६ | ५३३२.८ | रु. १४८९८२४.३४ | रु. ३००० | रु. ३५,००० | मिति २०८२/१०/१९ गते दिनको १२:०० बजे सम्म | मिति २०८२/१०/१९ गते दिनको १३:०० बजे |
| २. | BUL/NCB/GOODS/kaudeghat/02/082/083(3rd time ) | कौडेघाट क्षेत्र बुलिङटार-६ | ५८३६.८ | रु. १६३०६२६.८२ | रु. ३००० | रु. ४०,००० | | |
| ३. | BUL/NCB/GOODS/satighat/03/082/083(3rd time ) | सतिघाट क्षेत्र बुलिङटार-३ | ५५९९.२ | रु. १५६४२४८.५ | रु. ३००० | रु. ३८,००० | | |
| ४. | BUL/NCB/GOODS/Bhelluri/04/082/083(3rd time ) | भेल्लौरीघाट क्षेत्र बुलिङटार-२ | ५५५४.८ | रु. १५५१८४४.४८ | रु. ३००० | रु. ३८,००० | | |
| ५. | BUL/NCB/GOODS/Bhagarghat/05/082/083(3rd time ) | भागरघाट क्षेत्र बुलिङटार-१ | ५५९९.२ | रु. १५६४२४८.५ | रु. ३००० | रु. ३८,००० | | |

**बोलपत्र दस्तुर** जम्मा गर्नको लागि नबिल बैक लि. बुलिङटार शाखा कार्यालय बुलिङटारमा रहेको यस कार्यालयको राजश्व खाता २३३०१०१७५०००४३ मा जम्मा गरेको नगद भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ। धरौटी रकम यस कार्यालयको नबिल बैक लि. बुलिङटार शाखा कार्यलय बुलिङटारमा रहेको धरौटी खाता २३३०१०१७५०००२८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट (९०) दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

**नोट:** विद्युतीय (E-Bid) माध्ययमबाट मात्र बोलपत्र पेश गर्नुपर्ने हुदा www.bolpatra.gov.np बाट बोलपत्र डाउनलोड गरी अपलोड गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

---

## त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति:२०८२/१०/१२**

त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिम मिति २०८२/०८/२९ गते विद्युतिय बोलपत्र खरिद प्रणाली र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय वमोजिमका निर्माण कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु खोलि मूल्याङकनका लागि मूल्याङकन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङकन समितिको सिफारिसको आधारमा देहाय बमोजिमका बोलपत्रदाताको कूल कवोल अंक न्यूनतम मूल्याङकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्वन्धित सरोकारवालहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. स. | ठेक्का नं. | कामको विवरण | ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना | कूल कवोल अंक रु.(भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| 1. | TRM-KDBK/NCB/W/R/04/2082/083 | Upgrading and Construction of Korbangkhola-Dangchung-Ballejura-Kalapokhara Road | B & B Builders,Khalanga-1,Jajarkot | 41,10,180.00 |

प्रमुख प्रशासकीय अधिकृत

---

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/१२**

आठविसकोट नगरपालिका सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता (सुस्वा) आयोजनाको सहयोगमा वडा नं. ८, ३, र ५ मा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाई योजनाहरू र विद्यालय शौचालय निर्माणको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजनामा प्रयोग हुने निर्माण सामग्रीहरू, पाइपहरू तथा फिटिङ्गहरू तथा शौचालय निर्माण सामग्रीहरू खरिद गर्नुपर्ने भएकाले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेसिफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तको अधिनमा रहि सप्लाई गर्न ईच्छुक मूल्य अभिबृद्धी करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आव्हान् गरिएको छ।

तपसिल

| सिलबन्दी दरभाउपत्र नम्वर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित बजेट (भ्याट र ढुवानी बाहेकको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरी) | बोलपत्र जमानत वापतको रकम |
|---|---|---|---|---|---|
| AVWASH/SQ/08/082/083 | अयारकुना भेरिखोला खानेपानी तथा सरसफाई योजना | २६००१५७७१५००००१३ प्रभु बैंक शाखा कार्यालय आ. न. पा. | ६४९०२७८/०२९ | ३०००.०० | १६२२५६/९५ |
| LKWASH/SQ/03/082/083 | ल्हाँ कालजुरा खानेपानी तथा सरसफाई योजना | २६००१५७६५४६०००१५ प्रभु बैंक शाखा कार्यालय आ.न.पा. | १८२१०७५/३२८ | १०००.०० | ४५५२६/८८ |
| SMVWASH/SQ/05/082/083 | श्री सरस्वती मा.वि. शौचालय निर्माण | २६०७०८९३८१८०००१८ प्रभु बैंक शाखा कार्यालय आ.न.पा. | ३३७६०७.३४ | १०००.०० | ८८४०.१८ |

**शर्तहरू**

१. विभिन्न आवश्यक निर्माण सामग्री पाइप तथा फिटिङ्गहरू सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखत शुल्क तिरी सकेपछि फिर्ता नहुने गरि आठविसकोट नगरपालिका अन्तर्गत रहेको प्रभु बैंक शाखामा रहेको आठविसकोट नगरपालिकाको आन्तरिक राजश्व खाता नं २६०७०८९८१५०००१७८ मा नगदै रकम दाखिला गरी सक्कलै भौचर आठविसकोट नगरपालिकामा निबेदन सहित पेश गरेपछि मात्र दरभाउपत्र खरिद गर्न पाइने छ। दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा बैंकमा रहेको खाता नम्वरमा बैंक ग्यारेन्टी र नगद रकम जम्मा गरेको भौचर सहित लिखित निवेदनको साथमा सिलबन्दी दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाए नपाएको भनी लिखित रूपमा स्व: घोषणाको सक्कल प्रतिलिपी फर्म दर्ता मूल्य अभिबृद्धी कर दर्ता अद्यावधिक कर चुक्ताहरूको प्रमाणपत्रहरूको प्रतिलिपी नोटरी पब्लिक फर्मबाट प्रमाणित गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौं) दिनभित्र कार्यालय समय भित्र आठविसकोट नगरपालिकाको कार्यालय तथा आयोजना सहयोग इकाई (PSU Surkhet) सुर्खेतबाट समेत खरिद गर्न सकिने छ।
२. खरिद गरिएको दरभाउपत्र फारामहरू रितपूर्वक भरि सूचना प्रकाशित भएको १६ (सोह्रौं) दिनको १२ बजेभित्र प्रचलित कानून बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट न्यूनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ (पैतालिस) दिन लाई मान्य बोलपत्र दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ता समितिको बैंकमा रहेको खाता नम्बरमा नगद जम्मा गरेको सक्कल भौचर र उपभोक्तालाई निवेदन सहित दरभाउपत्र आठविसकोट नगरपालिकाको कार्यालयमा दर्ता गराउनुपर्ने छ भने सप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउपत्र पेश गर्न सक्नेछ तर सो दरभाउपत्रहरू प्रत्येक योजनाको छुट्टाछुट्टै भरी छुट्टाछुट्टै सिलबन्दी गरेको हुनुपर्ने छ। दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं उपभोक्ता समितिको नाम ठेगाना र निर्माण सामग्रीहरू पाइप तथा फिटिङ्ग सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्ने छ।
३. सम्भावित सप्लायर र आपूर्तिकर्ताहरूलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौं दिन दरभाउपत्र फाराम तथा खरिद गर्न सामग्रीहरूको स्पेसिफिकेशन वा कोटेशन पेश गर्ने तरिका आदिको बारेमा जानकारी दिन आवश्यक परेमा Pre-Bid Meeting गरिनेछ। यस्तो Meeting नगरपालिकाको कार्यालय व्यक्तिगत भेला गरेर वा दुरस्थ (Online) माध्यमबाट समेत गर्न सकिने छ। साथै सप्लायर्स, आपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि समय इमेल वा पत्रको माध्यमकबाट समेत दिइनेछ र सोको जानकारी अन्य सप्लायर्स, आपूर्तिकर्तालाई समेत दिइनेछ।
४. सफल दरभाउपत्रदाताले दरभाउपत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटी भएमा ५% र बढी घटि भएमा कार्य सम्पादन जमानत रकम रु. (०.८५ लागत अनुमान-कबोल मूल्य ०.५)+५% कबोल मूल्यको हिसाब गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको बैंक खातामा जम्मा गर्नुपर्ने छ।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि वा आफै उपस्थित भइ पेश गर्न सकिनेछ। सिलबन्धी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र आयोजना सहयोग इकाई सुर्खेत (PSU Surkhet) र आठविसकोट नगरपालिकाको कार्यालय वा वास इकाईमा पेश गर्न सकिनेछ।
६. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरू मिति २०८२ माघ २९ गते दिनको १ बजेतिर आठविसकोट नगरपालिकाको कार्यालय आठविसकोटमा खरिद समितिको प्रतिनिधि तथा साझेदार कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न असर पर्ने छैन।
७. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरू प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाई भएको सामानको भुक्तानी दिइनेछ।
८. दरभाउपत्र खरिद गर्ने दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरूमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्री गरिने दर्ता गरिने वा खोलिने छ।
९. म्याद नाघी वा रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन्।
१०. दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृती गर्ने सम्पुर्ण अधिकार संयुक्त खरिद समितिमा सुरक्षित रहनेछ।
११. यस सम्बन्धी थप शर्तहरू दरभाउपत्र फाराम साथै उपलब्ध गराइने छ। अन्य शर्तहरू आयोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ।
१२. यो सूचना केही संशोधन गर्नुपरेमा सो को सूचना आठविसकोट नगरपालिका आठविसकोटको सूचना पाटीमा टाँस गरिनेछ।
१३. अन्य थप जानकारी चाहिएमा आठविसकोट नगरपालिकाको कार्यालय वा मो. नं. ९७६२२०६३९५, ९८४८८३२४९४, ९८६८५६८५४२, ९७६२०४९४२४, ९८६११८७३०८ मा सम्पर्क गर्न सकिने छ।

संयुक्त खरिद समिति

---

## पालुङटार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

**पालुङटार गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्नेमिति संसोधन गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/१०/१२ गते)**

यस कार्यालयको मिति २०८२/१०/११ मा आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकाशित गरिएको ठेक्का नं. PMUN/NCB/WORKS/2082/83-16, PMUN/NCB/WORKS/2082/83-17 & PMUN/NCB/WORKS/2082/83-18 को आर्थिक प्रस्ताव मिति २०८२/१०/१८ मा खोलिने भनिएकोमा मिति २०८२/१०/१९ मा खोलिने व्यहोरा सम्बन्धित सबै निर्माण व्यबसायीहरू लाई जानकारी गरिन्छ।

---

**ओमनमा रोजगार** कम्पनी : MUSCAT UNITED FOOD INDUSTRIES LLC शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/०९/१३ चलानी नं.: ६०२४९७७० L.T. No.:336108 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing& Packaging Worker | 10 | 0 | स. काममा दक्ष | 100 | ३८,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**SUNKOSHI MANPOWER SERVICE PVT. LTD.**
Govt. Lic No.: 69/052/53
घुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१–४५१९१९३, ४५२२१०८ Email: sunkoshi.kathmandu@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : KAF GROUP FOR INSULATION MATERIALS CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/१०/११ चलानी नं.: ६०२५११८५ LT. No.: 337592

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | स. काममा दक्ष | 90 | ४३,२२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**New S.V. International Pvt. Ltd.**
Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +015913575, 9704338375 | E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np.

**Saudi मा रोजगार** Hospitality Resourses Trading Company –a single person company
पूर्व स्वीकृती मिति: २०८२/१०/२५ चलानी नं. ६०२५१२०३ LT No.: 337732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 2 | 0 | साधारण | 1000 | ३९,०००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ माघ १९ गते (2 Feb., 2026) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ।

**Liverpool H.R. Solution Pvt. Ltd.**
Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com

**UAE मा रोजगार** Farhan Ali Khan Plasters & Tiles. Cont
पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/१/१९ चलानी नं. ६०२३६८९२ LT.No. 322750

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labours | 5 | काममा दक्ष | 900 | ३५,८३०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Mason (Brick /Plaster) | 4 | | 1200 | ४७,७८०/- | | | | | | | |
| ३. | Tile Layer | 5 | | 1200 | ४७,७८०/- | | | | | | | |

अन्तरवार्ता २०८२ माघ १९ गते (2 Feb., 2026 ) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५६

**साइप्रसमा रोजगार** कम्पनी: E.T. TRUST EMPLOYMENT शहर: LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/१०/०८ चलानी नं.: ६०२५११६३ L.T. No.: 337464

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 400 | ६८,९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**CROWN OVERSEAS CONSULTANCY PVT. LTD.**
Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

**युएईमा रोजगार** कम्पनी: ABU DHABI BERKELEY SERVICES LLC शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/०८ चलानी नं.: ६०२३०१३० L.T. No.: 315846 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 48 | 58 | स. काममा दक्ष | 800 | ३१,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**DK RIVER OVERSEAS (P.) LTD.**
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu, Tel : 01-4980932/4982214/4955132

# राष्ट्रिय लिगमा चार क्लबको तीन जित



काठमाडौं/मस– विभागीय टोली एपीएफ र त्र्युराईड टिम (एनआरटी)ले तेस्रो जित निकाल्दै जारी राष्ट्रिय लिगमा शीर्ष स्थानको होडमा दाबेदारी दिएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आइतबार भएको खेलमा एपीएफले संकटामाथि २–१ को जित निकाल्दा एनआरटीले पनि फ्रेन्ड्सलाई १–० को अन्तरमा हराएको हो ।

एपीएफको जितमा प्रदीप लामा र युवराज खत्रीले समान एक गोल गरे । संकटाका गणेश हमालले गोल फर्काए पनि हार टार्न पर्याप्त भएन ।

अर्को खेलमा आशिष गुरुङले गरेको एक मात्र गोल एनआरटीलाई तेस्रो जित दिलाउन पर्याप्त बन्यो । चौथो खेलमा एनआरटीले तेस्रो जित निकालेको हो । एनआरटीले मच्छिन्द्रविरुद्ध हारसँगै राष्ट्रिय लिगको यात्रा सुरु गरेको थियो । तर त्यसपछिका तीन खेलमा लगातार जित निकाल्दै एनआरटी अंक तालिकाको शीर्षता होडमा आएको छ ।

एनआरटीले यसअघि सातदोबाटो युथ क्लबलाई ३–१ र काक्रे बिहार क्लबलाई २–० ले हराएको थियो । तेस्रो खेलमा पनि एनआरटीले जित लयलाई कायमै राख्यो । एनआरटीका आशिष गुरुङ प्लेयर अफ दी म्याच भए । खेलको पहिलो हाफ गोलरहित बराबरीमा नै सकियो । तर दोस्रो हाफमा एनआरटीले गोल गऱ्यो । ६७औं मिनेटमा आशिषको गोलबाट एनआरटीले अग्रता लियो । तर त्यसपछि फ्रेन्ड्सले गोल फर्काउन सकेन र एनआरटीले साँघुरो जित निकाल्यो ।

फ्रेन्ड्सले भने चौथो खेलमा दोस्रो हार सामना गऱ्यो । काक्रे बिहारलाई हराउँदै फ्रेन्ड्सले सुखद सुरुवात गरेको थियो । तर फ्रेन्ड्सले दोस्रो खेलमा एपीएफसँग १–० को हार बेहोर्दा तेस्रो खेलमा पनि संकटासँग अंक बाँड्यो ।

चौथो खेलमा पनि फ्रेन्ड्सले नतिजा सुम्पिन पुग्यो । विभागीय टोली एपीएफले पनि आइतबार जित निकाल्दै लिगमा उत्कृष्ट लय जारी राखेको छ । यसअघि एपीएफले पहिलो खेलमा फ्रेन्ड्स १–० र दोस्रो खेलमा चर्च ब्वाइज युनाइटेडलाई ४–१ ले हराएको थियो । तेस्रो खेलमा पनि विभागीय टोलीले संकटामाथि जित निकाल्दै आफ्नो विजययात्रा चौथो खेलसम्म कायमै राखेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा पहिलो हाफमा एक गोल र दोस्रो हाफमा दुई गोल भए । २९औं मिनेटमा प्रदीप लामाको गोलबाट एपीएफले अग्रता लियो । पहिलो हाफसम्म एपीएफ १–० ले अगाडि रह्यो । ५१औं मिनेटमा युवराज खड्काले गोल गर्दै एपीएफको अग्रता दोब्बर बनाए ।

निर्धारित समय सकिन ९ मिनेट बाँकी संकटाले खेलमा फर्कने प्रयास गऱ्यो । गणेशको गोलबाट संकटाले अग्रता २–१ मा छोट्यायो । तर त्यसपछिको बाँकी समयमा संकटाले गोल फर्काउन सकेन । एपीएफले साँघुरो जित निकाल्यो । तीन खेलबाट एपीएफले ९ अंक बटुल्यो । संकटाको चौथो खेलमा पहिलो हार हो । यसअघि संकटाले दुई बराबरी र एक जित निकालेको छ । शीर्ष स्थानको लालिगुराँस युवा क्लबको पनि ९ अंक नै छ । लालीगुराँस, मच्छिन्द्र, एपीएफ र एनआरटी गरी चार टोलीको समान ९ अंक भएको छ । तर एपीएफ, मच्छिन्द्र र लालीगुराँसले मात्र शतप्रतिशत जित निकालेका हुन् ।

## भूमिसुधार तथा मालपोत कार्यालय मलंगवा सर्लाहीबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः– २०८२/१०/१२**

यसमा सुर्यकृष्ण घिमिरेको नाती चुडामणि घिमिरेको छोरा जिल्ला रामेछाप सालु गा.वि.स. वडा नं.५ को हाल परिवर्तित मन्थली नगरपालिका वडा नं.४ मा बस्ने ध्रुव प्रसाद घिमिरेले आमा रण कुमारी घिमिरेको नाममा दर्ता त्रेस्ता कायम रहेको जिल्ला सर्लाही ईश्वरपुर गा.बि.स. वडा नं. १/ङ कित्ता नं. ३५४ क्षेत्रफल ०-८-१० (आट कट्टा दश धुर) जग्गाकोमा दर्तावाला आमा रण कुमारी घिमिरेको मिति २०६७/०३/२९ मा, निजको पति तथा मेरा बाबु चुडामणी घिमिरेको मिति २०४५/०६/१३ मा आ-आफ्नै काल गतिबाट मृत्यू भएको, निजहरुको शेषपछी हकखाने हकदारहरुमा छोराहरु क्रमशः राम प्रसाद घिमिरे, सिताराम घिमिरे, भरत राज घिमिरे, ध्रुव प्रसाद घिमिरे र केदार प्रसाद घिमिरे रहेकोमा जेठा राम प्रसाद घिमिरेको मिति २०६८ सालमा आफ्नै काल गतिबाट मृत्यू भएको, निजको हकखाने नजिकको हकदारमा एकमात्र श्रीमती बुना घिमिरे रहेको, माईला छोरा सिताराम घिमिरे मिति २०३२ सालदेखि अबिबाहित अबस्थामा घरबाट बेपत्ता भई हालसम्म फर्कि नआएको हुँदा उल्लेखित जग्गाको हकखाने जेठो छोराको एकमात्र श्रीमती बुना घिमिरे, साईला छोरा भरत राज घिमिरे, काईला छोरा ध्रुब प्रसाद घिमिरे र कान्छा छोरा केदार प्रसाद घिमिरे भएको भएतापनी सबै अंशियारहरुको बिचमा अंशबण्डा भई सकेको, उल्लेखित जग्गा मृतक रणकुमारी घिमिरेको बुडेलबुटी रहेको, मृतक रण कुमारी घिमिरेको पालन पोषण औषधोपचार, मृत्यू पश्चात काजकृया तथा हाल तिथी श्राद्ध समेत मैलेनै गरेकोले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गरिपाउँ भन्नेसमेत व्यहोरा खुलाई यस कार्यालयमा निवेदन पेश गरेको साथै अंशियार मध्येका कान्छा भाई केदार प्रसाद घिमिरेले निवेदक ध्रुब प्रसाद घमिरेको निवेदन मागलाई स्वीकार गरि उक्त जग्गा निजको नाममा एकलौटी नामसारी गर्न मंजुरी निवेदन पेश गरी उक्त निबेदनमा सनाखत समेत गरेको देखिंदा निबेदकको माग बमोजिम उल्लेखित जग्गा एकलौटी नामसारी हुनु नपर्ने भए वा मृतकको पालन पोषण औषधोपचार तथा काजकृया अन्य अंशियारले समेत गरि उल्लेखित जग्गामा अन्य अंशियारको नाममा समेत नामसारी हुनु पर्ने भए वा नामसारी माग गरेको उल्लेखित जग्गा निवेदकको एकलौटी नाममा नामसारी गरी जग्गाधनी प्रमाण पूर्जा दिन नमिल्ने कुनै कारण भए वा उल्लेखित जग्गा निज निवेदकको एकलौटी नाममा नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिंदा अरु कोही कसैको हकभोग स्वामित्वमा असर पर्न जाने भए सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटाको म्यादबाहेक ३५ (पैतिस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनुहोला/सुचना गर्नुहोला । तोकिएको म्यादभित्र कसैको दावी विरोध नपरे निवेदकको माग दाविलाई स्वीकार गरेको मानी प्रचलित कानून वमोजिम भई जाने र यस बिषयमा पछी कुनै दाबी नलाग्ने ब्यहोरा सम्बन्धित सबैको लागी सूचित गरिन्छ ।

**इति संम्बत २०८२/१०/११ गते रोज १ शुभम्** ..............................

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **LAXMI RECRUITMENT SERVICE PVT. LTD.** इजाजत पत्र न. (**१७८२/०८२/०८३**) मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | Ramkumar Giri | Assistant Manager | 121060/266 |

**LAXMI RECRUITMENT SERVICE PVT. LTD.** Gov License no : 1782/082/083
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६


## बहराइनमा रोजगार

कम्पनीः NOOFAS BEAUTY SALON — शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/१०/०८ — चलानी नं.: ६०२५११६१ — LT. No.: 337541

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ५८,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः DAR MASAA SALON AND SPA — शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः२०८२/१०/०८ — चलानी नं.: ६०२५११५८ — LT. No.: 337619

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 8 | स. काममा दक्ष | 150 | ५८,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः DHAFAYER LADIES BEAUTY SALON — शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः२०८२/१०/०८ — चलानी नं.: ६०२५११५७ — LT. No.: 337618

